

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



**बालविवाह सामाजिक र कानूनी अपराध हो ।**

- बीस वर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड



❖ वर्ष ३६ ❖ २०७९ मङ्सिर १५ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 December 01 Thursday ❖ मूल्य ५/-❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ९३


## गत वर्षको तुलना ०.३ प्रतिशतले धान उत्पादन घट्यो

नितेश कर्ण, वीरगंज, १४ मङ्सिर/

पर्सा जिल्लामा यस वर्ष धानखेती गत वर्षको तुलनामा ०.३ प्रतिशतले घटेको कृषि ज्ञान केन्द्र, पर्साका बाली अधिकृत सुरेशप्रसाद चौरसियाले बताएका छन् । उनले आव २०७८/७९ मा चैते धान तीन हजार ५५० हेक्टर जमीनमा लगाइएकामा १८ हजार ८१५ मेट्रिक टन उत्पादन भएको बताए ।

यसैगरी, भदैया धान आठ हजार ५६० हेक्टरमा लगाइएकामा ४६ हजार २५४ मेटन उत्पादन भएको तथा अगहनी धान ३५ हजार २० हेक्टरमा लगाइएकामा एक लाख ६८ हजार ९६ मेटन उत्पादन भएको बताए । सो अनुपातमा यस वर्ष ०.३ प्रतिशतले घटेको बाली अधिकृत चौरसियाले बताए ।



तस्वीर: प्रतीक

पर्सागढीमा खेतमा धानको बोझा बनाउँदै किसान र इनसेटमा बाली अधिकृत चौरसिया ।

उनले यस वर्ष चैते धान तीन हजार ५५० हेक्टरमा लगाइएकामा उत्पादन भने १९ हजार ५२५ मेटन भएको बताए । गत वर्षभन्दा चैते धान यस वर्ष बढी उब्जनी भएको उनले जानकारी गराए ।

यसैगरी, भदैया धान आठ हजार ५६० हेक्टरमा लगाइएकामा ४४ हजार ५१२ मेटन उत्पादन भएको र यो धानको उत्पादनमा गत वर्षको तुलनामा ०.३ प्रतिशतले कमी आएको उनले बताए ।

यसैगरी, अगहनी धान ३५ हजार २० हेक्टरमा खेती भएकामा एक लाख ५७ हजार ५९० मेटन उत्पादन भएको बताए । यो धान गत वर्षको तुलनामा ०.३ प्रतिशतले घटेको बाली अधिकृत चौरसियाले बताए ।

भदैया र अगहनी धानखेतीको उत्पादनमा कमी आउनुका कारण बीउ रोप्ने बेलामा सिंचाइ सुविधामा कमी, समयमा वर्षा नभएको र मल उपलब्ध नभएको बताए । उनले यस वर्ष यी दुवै धानको खेतीमा गत वर्षको तुलनामा निकै कमी आउने आशा गरिए पनि अन्तिम समयमा सिंचाइ गर्ने बेलामा वर्षा भएको कारण थोरै मात्र उत्पादन घटेको बताए । बाली अधिकृत चौरसियाले अहिले गहुँबाली २५ प्रतिशत रोपाइँ भएको र रोपाइँको क्रम जारी रहेको बताए ।

## मलको मौज्दातमा -सूचना अधिकृत

प्रस, वीरगंज, १४ मङ्सिर/

कृषि सामग्री कम्पनी लि., वीरगंजका



सूचना अधिकारी आलोक कुमार | किसान गोपाल साह | जोगिन्द्र यादव



विन्ध्यवासिनी गापाको बहुअर्वाभाठामा धान काटेर बोझा बनाउँदै किसान । तस्वीर: नितेश कर्ण

सूचना अधिकृत आलोक कुमारले कम्पनीको प्रादेशिक कार्यालय, वीरगंजमा ६०५.१५० मेट्रिक टन युरिया र ७९८.४०० मेटन डिएपी मल मौज्दात रहेको बताएका छन् ।

उनले प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका कारण सहकारीहरूले कम्पनीमा मल माग नगरेको बताए । यता, किसानहरूले भने गहुँखेतीको लागि पनि मल नपाएको गुनासो गरेका छन् । सूचना अधिकारी आलोक कुमारले कम्पनीबाट मल लिएर जाने कृषि सहकारीहरूले स्थानीय तहसँग सहकार्य नगर्दा मलको समस्या देखिएको बताए ।

बहुदरमाई नगरपालिका–४ का किसान जोगिन्द्र यादवले गहुँखेतीका लागि मल नपाएको बताए । उनले यसअघि धानखेतीको बेलामा पनि मल नपाएर धान उत्पादन महँगो भएको र अहिले सस्तोमा बिक्री गर्नुपरेको गुनासो गरेका छन् ।

सरकारले निर्धारण गरेको मूल्यमा धान बिक्री गर्दा लागत पनि नउठ्ने उनले बताए । यथावस्थामा कृषि कर्म गर्न अप्ठ्यारो पर्ने उनको भनाइ छ । धानखेतीमा सिंचाइ, बीउबिजन, मजदूरीसमेतको खर्च जोड्दा उत्पादन लागत बढ्न गएको तर सरकारले प्रतिक्विन्टल रु दुई हजार ४०० धानको मूल्य निर्धारण गरेकोमा किसानहरूलाई मर्का परेको उनले बताए । उनले सरकारले तोकेको मूल्यमा धान बिक्री गर्दा उत्पादन लागत नै नउठेपछि नाफाको त कल्पना पनि गर्न नसकिने बताए ।

अर्का किसान पर्सागढी नगरपालिका–७ का गोपाल साहले अहिले गहुँखेतीको लागि डिएपी मल आवश्यक भएको तर किसानहरूलाई सहज उपलब्ध नहुँदा मर्का परेको बताए । उनले अहिले बीउ र मलको अभाव झेल्नुपरिरहेकाले गहुँ उत्पादनमा असर पुग्न सक्ने बताए ।

## महिला हिंसाविरुद्ध १६ दिने अभियान
## ठोरी र सिम्रौनगढमा र्‍याली, अन्तर्क्रिया

विमला गुप्ता, वीरगंज, १४ मङ्सिर/

लैङ्गिक हिंसाविरुद्धको १६ दिने




अभियानको छैटौं दिन बुधवार पर्साको ठोरी गाउँपालिकामा एक दिने अन्तर्क्रिया तथा र्‍याली सम्पन्न भएको छ । ठोरी गापा–३ वडा कार्यालयको आयोजना तथा दलित महिला केन्द्र नेपाल, क्याप्टिभेटिङ इन्टरनेशनल फाउन्डेशन, महालक्ष्मी बचत तथा ऋण सहकारी संस्था, आशिष नेपाल र आसमान नेपालको सहकार्यमा भएको कार्यक्रममा गाउँपालिकाकी उपाध्यक्ष, महिला सदस्यलगायत स्थानीय महिला, पुरुष र किशोरीहरूको सहभागिता थियो ।

कार्यक्रमकी प्रमुख अतिथि ठारी गापाकी उपाध्यक्ष गोकुलीकुमारी रेग्मीले लैङ्गिक हिंसा भन्ने बित्तिकै महिला र पुरुषमाथि हुने विभेद मात्र नभई लिङ्गको आधारमा महिला, पुरुष तथा तेस्रो लिङ्गी जोकोहीलाई पनि हुने गरेको बताइन् । "कहिलेकाहीं हामी अज्ञानतावश आफूले आफैंमाथि पनि हिंसा गरिरहेका हुन्छौं," उनले भनिन्, "हिंसा न्यूनीकरण गर्न सर्वप्रथम हामीमाथि भइरहेको हिंसाविरुद्ध आवाज उठाएर समाजमा परिवर्तन ल्याउन सक्छौं ।" उपाध्यक्ष रेग्मीले हिंसा कुटपिटको घटना मात्र नभई हामीमाथि शारीरिक, मानसिक, सामाजिक, राजनीतिक, धार्मिक तथा जातीय रङ्गरूप, छुवाछूत जस्ता विभेद हुनु पनि हिंसा भएको बताइन् ।

"राजनीतिकै कुरा गर्नुपर्दा अहिले ५२ प्रतिशत महिलाको सङ्ख्या रहेको हाम्रो देशमा ३३ प्रतिशत कोटा दिएकोमा पनि हामी महिला पूर्णरूपमा सहभागी हुन सकेका छैनौं," उनले भनिन्, "अहिले प्रदेशसभा तथा प्रतिनिधिसभाको चुनावलाई पनि हामीले प्रत्यक्ष उदाहरणको रूपमा हेर्न सक्छौं ।" उपाध्यक्ष रेग्मीका अनुसार छोराछोरीको शिक्षामा लिङ्गको आधारमा गरिने विभेद, भ्रूणहत्या, पतिले विदेशबाट कमाएर पठाएको रकम लिएर पत्नीले दोस्रो विवाह गर्नु, तेस्रो लिङ्गीलाई घोचपेच गर्नु जस्ता विकृति रोक्नुपर्ने अवस्था छ ।

नेपालमा लैङ्गिक हिंसाविरुद्धको अभियानको सुरुआत भएको १६ वर्ष पूरा भएको र हिंसाविरुद्ध सचेत गराउन राज्य तथा अन्य सङ्घसंस्थाबाट हरेक वर्ष सचेतनामूलक कार्यक्रमको आयोजना हुँदै आएको दलित महिला केन्द्र नेपालकी लैङ्गिक विमर्शकर्ता नीला रामले बताइन् । उनले शिक्षित समुदायमा पनि विभेद हुने गरेको बताइन् । धनी–गरीब, रङ्गरूपको आधारमा दाइजो लेनदेन गर्ने, आफूभन्दा तल्लो तहको कर्मचारीलाई हेप्ने, गाली गर्ने जस्ता विभेद हुने गरेको बताइन् । यसलाई कम गर्नको लागि हामी सबै एक हुनुपर्नेमा उनले जोड दिइन् ।

कतिपय छोरी आफ्नै घरभित्रबाटै हिंसाको शिकार भइरहेको आसमान नेपालकी सहजकर्ता किशोरी मोनिका गतानेले बताइन् । "छोरीलाई भनिन्छ कि ऊ त माटोको भाँडो हो, उसलाई घरमैं राख्नुपर्छ । छोरा जता गए पनि फरक पर्दैन," उनले भनिन्, "तर यस्तो सोचलाई हरेक अभिभावकले बदल्नुपर्छ र छोरीलाई जस्तै छोरालाई पनि अन्य चेलीबेटीसँग गरिने असल व्यवहारको बारेमा शिक्षा दिनुपर्छ, अनिमात्र बलात्कार तथा अन्य दुर्व्यवहारका घटनामा कमी आउँदै जान्छ ।"

निर्मल–ठोरी उपभोक्ता समितिकी सपिका मगरले महिलाहरूले गर्भदेखि नै हिंसाको शिकार हुनुपरेको बताइन् । महिलालाई अहिले हरेक क्षेत्रमा कामको अवसर पाइन्छ तर अरूको कुरा सुनेर खुम्चिनुभन्दा डटेर अगाडि बढे समाजमा परिवर्तन ल्याउन सकिने उनले बताइन् । दलित महिला सदस्य वृत्तमाया विकले महिला हिंसाविरुद्धको आवाज अहिले १६ दिन मात्र नभई वर्षको ३६५ दिन नै उठाएमा मात्र हिंसाबाट उन्मुक्ति पाइने

(बाँकी अन्तिम पातामा)

## महानगरले निर्णय गर्‍यो, कित्ताकाट दुई सातापछि खुल्ने सम्भावना

प्रस, वीरगंज, १४ मङ्सिर/

वीरगंज महानगरपालिकाले भूउपयोग नियमावली अनुसार जग्गाको




तस्वीर: प्रतीक

वर्गीकरण गरेको छ ।

सरकारले मङ्सिर २३ गतेसम्म देशभरका ७५३ पालिकालाई सरकारले ल्याएको भूउपयोग नियमावली अनुसार कृषि, गैरकृषि जग्गाको वर्गीकरण गर्न समयसीमा दिएको थियो ।

जेठ २७ गतेदेखि सरकारले यो नियमावली अनुसार जग्गाको वर्गीकरण नगरेका पालिकाहरूको ससीम जग्गाबाहेक कित्ताकाटमा रोक लगाएको थियो । जसले गर्दा उक्त समयदेखि अहिलेसम्म नियमावली अनुसार वर्गीकरण नगरेका पालिकाहरूको कित्ताकाट रोकिएको छ।

पर्सा जिल्लामा पनि कित्ताकाट सोही समयदेखि हुन सकेको छैन । १४ वटा पालिकामध्ये वीरगंज महानगरपालिकाले मङ्गलवार र बुधवार बैठक गरेर यसको टुङ्गो लगाएको छ ।

महानगरका अधिकृत हरिशङ्कर कुर्मीले बुधवार बसेको महानगरको बोर्ड बैठकले भूउपयोग नियमावली अनुसार जग्गाको वर्गीकरण गरेको बताए । उनले सबै वडापालिकालाई आआफ्नो वडाको जग्गाको वर्गीकरण गरेर महानगरपालिकामा सिफारिश गर्न आग्रह गरेको र सोहीअनुरूप परेका निवेदनको आधारमा हिजोदेखि बसेको बैठकले आज टुङ्गो लगाएको बताए ।

उनले वडा नं १ देखि १६ सम्मका जग्गाहरू व्यावसायिक र आवासीयमा वर्गीकरण गरिएको बताए । यसैगरी, १६ देखि ३२ सम्मका वडाहरूको वर्गीकरण गरिएको र सो वडाका जग्गाहरू कृषियोग्य ठहर गरिएको जानकारी गराएका छन् ।

महानगरपालिकाले मुख्य राज्यमार्गको छ लेनसँग जोडिएका पाँच सय मिटरसम्मका जग्गालाई औद्योगिक, सहायक सडकसँग जोडिएका तीन सय मिटरको जग्गालाई आवासीय र कृषि गरी वर्गीकरण गरेको छ ।

सरकारले दश किसिमबाट वर्गीकरण गर्न र आआफ्नो पालिकाको जग्गा कृषि, गैरकृषि छुट्याउन पालिकाहरूलाई छ महीनाको समयसीमा दिएको थियो । सरकारले निर्धारण गरे अनुसार महानगरपालिकाले कृषि कर्मको लागि न्यूनतम दुई कट्ठा र आवासीयको लागि न्यूनतम पौने ८ धुर जग्गा तय गरेको छ। योभन्दा कमको जग्गा कृषि कर्म र आवासीयको लागि कित्ताकाट गरिनेछैन।

यसैगरी, अन्य कुरामा सरकारको प्राविधिकले गरेका निर्णयहरू लागू हुने महानगरले निर्णय गरेको छ ।

(बाँकी अन्तिम पातामा)

## विचारसार एवं सूक्तिहरू

**काल (समय) समाप्त हुँदैन, जीवन समाप्त हुन्छ। वृद्धावस्था आउँछ तर तृष्णा भने छुट्दैन।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


## ठूला दललाई गाह्रो

**मङ्सिर ४ मा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको मतगणना मधेस प्रदेशमा सम्पन्न भएको छ। प्रदेशसभाको प्रत्यक्षतर्फ ६४ सिटको मतगणना सम्पन्न हुनुका साथै समानुपातिकतर्फ खसेको १९ लाख ६८ हजार ५८८ मत गणना भइसकेको छ। १०७ सदस्यीय प्रदेशसभामा समानुपातिकतर्फबाट ४३ जना सदस्य आउनेछन्। यसपटक मतदाताले मधेस केन्द्रित दलहरूको आकार घटाइदिएपछि यहाँ ठूलो दल बन्न नेपाली काङ्ग्रेस र नेकपा एमालेबीच दरिलो प्रतिस्पर्धा चल्यो। समानुपातिकतर्फ नेका पहिलो भएपनि प्रत्यक्षतर्फ एमाले पहिलो भएको छ। दुवैतर्फको सिट सङ्ख्या जोड्दा मधेस प्रदेशमा एमाले पहिलो दल बन्न सफल भयो। समानुपातिकमा नेकाले नौ सिट ल्याउँदा एमालेले आठ सिट ल्याउने देखिएको छ भने प्रत्यक्षतर्फ नेकाले १३ सिट जित्दा दुई सिट बढाएर एमालेले १५ सिट जित्यो। अतः काङ्ग्रेसको जम्मा २२ सिट र एमालेको २३ सिट भएको छ। सरकार बनाउन सामान्य बहुमतको लागि ५४ सिट आवश्यक पर्छ। नेका वा एमालेले आफ्नो नेतृत्वमा प्रदेश सरकार गठन गर्न चाहने हो भने आफूसँग रहेकोभन्दा डेढ गुना बढी प्रदेशसभा सदस्यको समर्थन अन्य दलहरूबाट लिनुपर्ने हुन्छ। यति ठूलो समर्थन जुटाउनु दुई ठूला दलको लागि निकै चुनौतीपूर्ण देखिन्छ।**

**हुनत नेका र एमालेको नेतृत्वमा छुट्टाछुट्टै गठबन्धन दल छ तर गठबन्धन पूरै लाग्दा पनि बहुमत अर्थात् ५४ सिट पुग्ने अवस्था छैन। दोस्रो ठूलो दल नेकालगायत गठबन्धनका माओवादी, लोसपा, नेकपा (एकीकृत समाजवादी)समेत एक हुँदा करीब ४७ सिट पुग्छ। उसले गठबन्धनबाहिरबाट कम्तीमा सात सिट आफूतर्फ तान्नुपर्ने हुन्छ। त्यसको निम्ति गठबन्धनबाहिरका जनमत पार्टी वा अर्को गठबन्धनका जसपामध्ये एकको समर्थन आवश्यक पर्छ। मधेसको पहिलो ठूलो दल एमालेलाई झन् अप्ठ्यारो छ। एमालेसँग गठबन्धनको दल जसपाको १५ सिट छ। जसपा र एमालेको अनुमानित सिट सङ्ख्या ३८ हुन्छ। गठबन्धनभन्दा बाहिरको जनमत पार्टीलाई मिलाउँदा पनि एमाले नेतृत्वलाई अरू छ सिट पुग्दैन। यसको निम्ति लोसपा वा माओवादी केन्द्रमध्ये एकलाई नेका गठबन्धनबाट फुटाउन सक्नुपर्छ।**

**मधेसमा अब दुवै गठबन्धनको नाराले मात्रै सरकार बन्न नसक्ने स्पष्ट छ। हुनत यहाँ छजना सदस्य दलविहीन छन्। उनीहरू स्वतन्त्ररूपमा चुनाव जितेका हुन्। ठूला दलहरूलाई अप्ठ्यारो के छ भने बहुमतका निम्ति नेकाले जनमत पार्टीको समर्थन नलिंदा सबै स्वतन्त्र सदस्यको समर्थन लिंदा पनि एक सिट कम हुन्छ। एउटा जनमत पार्टीको माग पूरा गर्नुभन्दा छजना स्वतन्त्रको माग पूरा गर्न गाह्रो हुन्छ। त्यसैगरी, एमालेले पनि जनमतको समर्थनको अलावा माओवादी वा लोसपाको समर्थन नलिने हो भने स्वतन्त्र सदस्यहरू सबैको समर्थन लिनुपर्ने हुन्छ। यस कारण पनि मधेस सरकारको नेतृत्व गर्न चाहने ठूला दलको ध्यान अब दलतर्फ नै जाने र एकले अर्को गठबन्धन फुटाउने प्रयासमा केन्द्रित रहनेछ। अर्कोतर्फ मधेस सरकारको नेतृत्वको सवाल प्रदेशमा मात्रै केन्द्रित नभई सङ्घीय सरकारको नेतृत्वसँग जोडिने देखिन्छ। साना दलहरूले सङ्घीय सरकारमा समर्थन गरेबापत प्रदेशमा नेतृत्व खोज्नेछन्। कतिपयले प्रदेशमा सहयोग गरेबापत सङ्घमा महत्त्वपूर्ण जिम्मेवारी माग्नेछन्। यसो भयो भने ठूला दलबाहेकको नेतृत्वमा पनि प्रदेश सरकार बन्न सक्छ। सातवटै प्रदेशसँगै सङ्घीय सरकारको नेतृत्वको लागि सन्तुलन मिलाएर अगाडि बढ्न दुई ठूला दललाई निकै गाह्रो छ।**

# वर्तमानमा एड्सविरुद्ध नैसर्गिक चेतना

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**एचआइभी–एड्सविरुद्ध चेतनाको विस्तार भइसकेको छ, त्यसले नैसर्गिक रूप धारण गरिसकेको छ। दुई वर्षको कोरोना महामारीले पनि यस किसिमको चेतना विस्तारमा भूमिका खेलेको छ। समाज सचेत भइसकेको छ तर यस किसिमको सचेतनाको निरन्तर आवश्यकता छ।**

अन्यथा अर्थ नलागोस्, नैसर्गिकको अर्थ प्राकृतिक, जन्मजात वा स्वाभाविक भएसँगै स्वभावसिद्ध पनि हो। वर्तमान पुस्तामा कतिपय चेतना स्वाभाविक रूपमा आइरहेको छ जुन निकै मिहिनेतका साथ दोस्रो पुस्ताले प्राप्त गरेको थियो। अहिलेको समाज परिवर्तनशील बनेको छ र परिवर्तन यति छिटोछिटो भइरहेको छ कि पुराना पुस्ताले बुझ्न सकिरहेको छैन। यसैमा नयाँ पुस्ताको महत्त्व पनि रहेको छ। नयाँ पुस्ताले नयाँ कुराको जानकारी लिंदै अगाडि बढ्नु छ भने पुरानो पुस्ताले त सिक्ने भनेको नयाँ पुस्ताबाटै हो। पुराना कुराहरू त अब काम नलाग्ने हुँदै गएका छन्। यद्यपि परिमार्जित ज्ञान भने पुराना पुस्ताबाट नयाँ पुस्तालाई चाहिएको छ।

करीब तीन दशकपहिले एचआइभी एड्सको नाम सुन्नासाथ मानिस तर्सन्थे। युवा वर्गमा एउटा आतङ्कको पर्याय नै बनेको थियो एचआइभी एड्स। त्यति बेला पत्रपत्रिकाहरूले पनि यसलाई सचेतनाका साथै अन्य पक्षलाई निकै प्रकाशित गरिरहेका हुन्थे। यो भनिन्थ्यो कि यस रोगको कुनै उपचार छैन। यसको एकमात्र उपाय एचआइभी जीवाणु शरीरमा प्रवेश हुन नदिनु हो। यो कुरा आजसम्म पनि सत्य नै र सबैतिर यही भनिन्छ कि एचआइभी जीवाणुलाई शरीरमा कुनै पनि माध्यमले प्रवेश गर्न दिनुहुँदैन। शरीरमा प्रवेश गरेको खण्डमा सितिमिति उपचार सम्भव छैन।

पहिले एचआइभी एड्सबाट बच्नको लागि विभिन्न तालीम तथा गोष्ठी चलाइने गरिन्थ्यो। पत्रपत्रिका तथा रेडियोहरूमा पनि सचेतनाका विज्ञापनहरू बजिरहन्थे। कतै कसैले रगत लिनुपर्दा वा दिनुपर्दा पनि धेरै सावधानी आवश्यक ठानिन्थ्यो वा यस्ता कार्य गर्नदेखि नै डराउँथे। गाउँदेखि शहरसम्म यस कुराले निकै चर्चा पाइरहन्थ्यो। कसैको शङ्कास्पद गतिविधि हुनासाथ एउटै कुरा सल्लाह दिने गरिन्थ्यो–होश गर्नू है, एड्स लाग्ला। यो लागेपछि जीवन बर्बाद हुन्छ, घरपरिवारको बेहाल होला। जति हुन सक्छ सावधान बन। व्यक्ति, समूह वा साथीभाइमा सचेतनाको कुरो एकपटक अवश्य चलेको हुन्थ्यो। यस किसिमको चेतना फैलाउने क्रमले वर्षौंवर्ष निरन्तरता पायो, दशकौं चलिरह्यो। एक पुस्ताबाट अर्को पुस्तामा गयो। यसबाट यो यति सामान्य हुन गयो कि सबै मानिसको लागि यो सचेतना स्वाभाविक बन्न गयो।

अहिले गाउँले मानिस पनि हात धोएर खाना खान थालेका छन्। खाना खानु अघि हात धुनुपर्छ भन्ने चेतना विस्तारमा पनि एनजिओ र आइएनजिओको धेरै हात रहेको छ। यद्यपि सबै मानिस खाना खानु अघि साबुन पानीले हात धुन्छन् भन्ने होइन, तर अब सक्षम हुनेले कम्तीमा खाना खानु अघि अवश्य पनि साबुन पानीले हात धुने गर्छ। यो नैसर्गिक बानीमा परिणत भइसकेको छ। वास्तवमा एचआइभी एड्सको सम्बन्धमा पनि यस्तै भएको छ। अब एड्ससम्बन्धी चेतना तथा सर्वसाधारणले गर्ने व्यवहारमा धेरै परिवर्तन आइसकेको छ। चेतनाले व्यवहारमा परिवर्तन आएको छ। वास्तवमा अन्य किसिमको चेतना र एचआइभी एड्सबारे समाजले पाएको चेतनामा यति नै कुराको भिन्नता रहेको छ कि समाजले यस चेतनाको व्यावहारिक प्रयोग गरिरहेको छ। जे जति चेतना समाजले पाएको छ एड्स सम्बन्धमा, शायदै कोही कसैले कहिल्यै लापरवाही गरेको होला। लापरवाही गर्नु भनेको आफ्नो जीवनलाई खतरामा पार्नु हो साथै समाजमा पनि अलिकति नराम्रो प्रभाव पर्नु हो। अहिलेसम्मको समाज यति धेरै उदार हुन सकेको छैन कि कसैलाई एचआइभी एड्स लागेको छ भने उसप्रति सहानुभूति छाडेर सामान्य दृष्टिले हेरोस्।

अन्य रोगको विषयमा मानिसलाई उति धेरै अप्ठ्यारो पर्दैन तर यसमा यौन सम्पर्कले होस्, रगत लिएर वा कुनै त्यस्तो प्रभावित औजारले काटिएर लागेको किन नहोस्, समाजले अनैतिक सम्बन्धबाटै एड्स लागेको आशङ्का गर्दछ र अझै पनि यदि कसैलाई यो रोग लागेको समाचार कतैबाट आउँछ भने निस्सन्देह उसप्रति समाजले गर्ने व्यवहार सामान्य हुँदैन। मानिस सचेत हुन खोज्छ यस प्रकारको समस्या भएका मानिसबाट। यसलाई अस्वाभाविक मान्न सकिंदैन तर समाज जति सहिष्णु हुनुपर्ने हो त्यति हुन सकेको छैन भन्ने हो। समाजले अझै पनि अछूतकै व्यवहार गर्छ भन्दा पनि हुन्छ जबकि समाजमा चेतनाको विकास यति धेरै भइसकेको छ।

अहिले पनि एचआइभी एड्स लागेका मानिसहरू समाज छन् तर यही डरले यस तथ्यलाई व्यक्तिगत गोपनीयता मानेर खासै बाहिर ल्याउने काम हुँदैन। अपहेलनाको शिकार हुने र रोगीलाई मनोवैज्ञानिक दबाब भइरहने डर हुन्छ। एड्स रोग लागेपछि कुनै ठूलो पाप गरेको ठान्ने प्रवृत्ति अझै कायम छ। यो जुनसुकै कारणले पनि लाग्न सक्छ तर रोगीसित सामान्य व्यवहारले सर्दैन भन्ने बुझेकाहरू पनि अनावश्यक बढी सतर्क भइदिन्छन्। सतर्कताको यो तह झन्डै परम्परागत समाजको छुवाछूत प्रथाभन्दा बढी हुन पुग्दछ। यस्तो किसिमको व्यवहार गर्दा एचआइभी एड्स लागेको मानिसको मनोविज्ञानमा कस्तो असर पर्ला भनेर विचार पनि गरिंदैन।

कुनै जमाना थियो – कुष्ठरोग लागेको मानिस हो भन्ने थाहा पाउनेबित्तिकै गाउँ–निकाला गरिन्थ्यो। बिस्तारै यो पनि एउटा रोग हो र औषधि सेवन गर्दै जाँदा निको हुन्छ भन्ने चेतनाको विकास भयो। कुष्ठरोग लागिसकेका धेरै मानिस सरकारले निश्शुल्क उपलब्ध गराउने औषधि सेवन गरेर निको भए पनि। रोग लागेको मानिसले मात्र वा उसको घरपरिवारले मात्र थाहा पायो फलानो रोग थियो भनेर। अरूले थाहै पाउन सकेनन् किनभने समयमैं सचेत भए। समयमैं सचेत हुँदा कुष्ठरोगले कुनै क्षति पुऱ्याउन नपाई सम्पूर्ण निको हुनेहरू सचेतताका अब्बल उदाहरण हुन्। कुष्ठरोगविरुद्ध चेतनाबाट यो सिक्न सकिन्छ कि एचआइभी एड्सविरुद्ध सचेतनाले पनि ठूलो सफलता पाइन्छ। यद्यपि अहिलेसम्म धेरै हदसम्म समाज सफल रहेको छ तर एचआइभी एड्सको फरक प्रवृत्तिका कारण रोग लागेमा लामो समय औषधि खाइरहनुपर्छ।

के भनिन्छ भने एचआइभी एड्स लागिसकेपछि यसको उपचार छैन। अब त यसलाई निको पार्ने औषधि पनि आइसकेको हुनुपर्छ। यो लागेको केही वर्षपछि मात्र थाहा हुन्छ। यसबाट यस रोगले बिस्तारै ग्रसित पार्दै लगेपछि मात्र कतिपयले जँचाउने काम गर्दछन्। जबसम्म मानिसले थाहा पाउँछ तबसम्म ढिलो भइसक्छ। तर अब बिस्तारै मानिसमा इम्युनिटी बढाउने औषधिहरू आइसकेका छन्। अब त यस्तो औषधि आइसकेको छ कि रोग लागेको जति हो, त्योभन्दा बढ्न पाउँदैन, औषधि सेवन गरेपछि। पहिले त सबैबाट टाढा रहने तथा अछूतको जस्तो व्यवहार गरेर रोगीलाई मनोवैज्ञानिकरूपमा यति अपहेलित पारिन्थ्यो कि रोगले भन्दा अपहेलनाले बढी क्षति पुऱ्याउँथ्यो तर बिस्तारै यसविरुद्ध जुन चेतनाको विस्तार भएको छ, त्यसले रोग लागेको मानिसलाई पनि सामान्य मानिससरह व्यवहार गर्नुपर्छ भन्ने चेतना आइसकेको छ। यो रोग लागेको कतिपय घरपरिवारमा यस किसिमको सामान्य व्यवहार भइरहेको छ।

वर्तमानमा एचआइभी र एड्सविरुद्ध सर्वसाधारणमा जुन किसिमको चेतनाको बिस्तार भइसकेको छ, त्यसले नैसर्गिक रूप धारण गरिसकेको छ। दुई वर्षको कोरोना महामारीले पनि यस किसिमको चेतना विस्तारमा अलिकति भूमिका खेलेको छ। समाज सचेत भइसकेको छ तर यस किसिमको सचेतनाको निरन्तर आवश्यकता छ र चेतनाको विस्तार पनि आवश्यक देखिएको छ। यस किसिमको चेतनाले निरन्तरता र विस्तार पाइरहँदा एकातिर अन्य रोगको नियन्त्रणमा पनि सहयोग पुग्ने देखिन्छ भने अर्कोतिर मानिसमाथि नराम्रो दृष्टिकोण पनि उब्जन दिंदैन। निरन्तरको सचेतनाले एड्सलाई अब डरमर्दो रहन दिएको छैन र सचेतनाको दियो निभ्न पनि दिएको छैन। सतर्कताले मानव समुदायलाई दिएको सुख यही हो भन्नुपर्छ।

# विपी कोइराला क्यान्सर अस्पतालमा चिकित्सक भेट्नै मुश्किल

–नारायण अधिकारी
चितवन, १४ मङ्सिर/रासस

विपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुर देख्न र सुन्नमा जति सुन्दर छ, त्यहाँ उपचार गर्न आउने बिरामीले पाउने दुःख र सास्ती त्यति नै छ। पर्याप्त भौतिक पूर्वाधार र जनशक्ति हुँदाहुँदै पनि बिरामीले चिकित्सक भेट्न मुश्किल हुने गरेको बिरामीको गुनासो छ।

अस्पताल परिसरमैं चिकित्सक र कर्मचारीका लागि आवासको व्यवस्था छ। सम्भवतः नेपालमैं सरकारी तहमा सबैभन्दा बढी सेवा र सुविधा यहींका चिकित्सक कर्मचारीले पाउँछन्। बिरामीको उपचार गर्ने गरी अधिकांश चिकित्सकको निजी अस्पताल र क्लिनिक खोलेका छन्। बिरामी र तिनका आफन्त निजीमा जान प्रेरित गर्ने उद्देश्यले अस्पतालमा कम भेट हुने, शल्यक्रियाका लागि लामो समयपछि मात्रै पालो आउने गरेको गुनासो बिरामीको छ।

चिकित्सक मात्र होइन, कर्मचारीहरू पनि हाजिर गरेर हिंड्ने गरेको सेवाग्राहीको गुनासो छ। रोल्पाको थवाङबाट उपचारका लागि एक साता अघि चितवन आएका मालबहादुर डाँगी पाँच दिनदेखि अस्पतालमा भौंतारिइरहेका छन्। उनले अझै चिकित्सक भेट्न सकेको छैनन्।

विगत एक महीना अघि परीक्षणका लागि दिएको नमूनाको रिपोर्ट देखाउन उनी अहिले चिकित्सकको पर्खाइमा छन्। मङ्गलवार दिउँसो अस्पताल परिसरमा पुगेर डाँगीले अस्पतालको प्रशासनका कर्मचारीलाई गुनासो गरे–"हाम्रो रिपोर्ट कहिले देखाउन पाउँछौं।" अस्पताल प्रशासनका कर्मचारीले जवाफ दिए–"भोलि, आज चिकित्सक शल्यक्रियामा व्यस्त हुनुहुन्छ"। पीडा सहेर डाँगी फेरि भोलिको आशामा फर्के।

उपचारका लागि दुई महीनामा तीन पटक अस्पताल आएको डाँगीको भनाइ छ। उनले भने–"चिकित्सक कुरेर बस्नु पर्ने बाध्यता छ।" उनको पेटमा समस्या भएका कारण जाँचका लागि आएका हुन्। "खाएको कुरा केही अडिंदैन। मुखबाटै फर्कन्छ। यस्तो अवस्थामा चिकित्सक कुर्नुपरेको छ"–उनले भने।

यस्तै पीडा पाल्पाबाट आएकी भव्मकुमारी थापाको पनि छ। उनी रेडियो थेरापीका लागि आएकी हुन्। "आज पालो भनेर आएको, पाइने नपाइने थाहा छैन।" उनले भनिन्। अस्पताल आएका बिरामी र उनका आफन्त चिकित्सकको खोजी र उपचारका लागि दिइएको समय पर्खंदै बस्छन्। तनहुँको दुलेगौडाबाट उपचारका लागि आएकी इन्द्रकला लम्साल बहिरङ्ग विभागमा आएर चिकित्सक कुर्दै थिइन्। उनले भनिन्–"चिकित्सक आउनुहुन्छ भन्नुभएको छ। कति खेर भेट्न पाइन्छ पत्तो छैन।"

नियमित जाँचका क्रममा आएकी लम्साल विगत एक सातादेखि क्यान्सर अस्पतालमा छिन्। उनले विभिन्न किसिमको परीक्षणका लागि दिएको नमूनाको रिपोर्ट देखाउँदै भनिन्–"अब यो देखाएर त घर जान पाइन्छ कि भन्ने आस छ, तर डाक्टर भेट्न पाइन्छ, पाइँदैन निश्चित छैन।" चिकित्सक नभेटिएपछि त्यहाँ भेटिएका सहयोगीले चिकित्सक भेट्ने वैकल्पिक उपाय निजी अस्पताल देखाउने गरेको बिरामीका आफन्तको गुनासो छ।

यी उदाहरणीय पात्र हुन्। अस्पतालमा आएका बिरामीले विशेषज्ञ चिकित्सकसमेत भेट्न कठिन हुने गरेको छ। चिकित्सक भेट्नका लागि बहिरङ्ग विभागमा आएका बिरामी, त्यहाँका कर्मचारीको छुद्र बोलीका कारण पीडित हुने गरेको गुनासो गर्छन्। विशेषज्ञ चिकित्सक अस्पतालमा हाजिर गरेर बहिरङ्ग सेवामा नबस्ने गरेको उनीहरूको गुनासो छ। उनीहरू हाजिर गर्छन् तर न बहिरङ्ग सेवामा हुन्छन् न शल्यक्रिया कक्षमैं हुन्छन्। एनेस्थेसिया र सर्जनका कारण बिरामीले लामो समय शल्यक्रिया गराउन पालो कुर्नुपरेको बिरामी बताउँछन्। एनेस्थेसियाले दिउँसो १ बजेपछि काम नगर्दा समस्या बढ्दै गएको अस्पताल प्रशासन स्रोतले जनाएको छ।



अस्पतालका कार्यकारी निर्देशक डा देजकुमार गौतम आफूले चिकित्सक कर्मचारीले काम गरिरहेको मान्यता राख्ने बताए। गुनासोको विषयमा बुझ्ने भन्दै उनी कार्यालय समयमा काम नगर्ने चिकित्सक कर्मचारीलाई कारबाई गर्ने बताउँछन्। अस्पतालमा हाल १०० जना विशेषज्ञ चिकित्सक कार्यरत छन्। विगत केही वर्ष अघि अस्पताल खस्केर अस्तव्यस्त भएपछि तत्कालीन प्रमुख जिल्ला अधिकारी एवं हालका गृहसचिव विनोदप्रकाश सिंहको नेतृत्वमा अस्पताल सुधार्ने अभियान थालिएको थियो। त्यसको प्रभाव केही वर्ष परेको अस्पतालका कर्मचारी बताउँछन्। पछिल्लो समय पुनः अस्पताल अस्तव्यस्त बनेको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# यसरी हुन्छ नयाँ सरकार गठन र संसद् सञ्चालन

–भीष्मराज ओझा/अशोक घिमिरे
काठमाडौं, १४ मङ्सिर/रासस

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको मतपरिणाम आउने क्रम अन्तिम चरणमा छ । निर्वाचन परिणामसँगै नयाँ सरकार गठन र संसद् सञ्चालनको चर्चा शुरू भएको छ । निर्वाचन आयोगका अनुसार हालसम्म प्रतिनिधिसभाको प्रत्यक्षतर्फको १६५ मध्ये १६१ स्थानको नतीजा आइसकेको छ ।

प्राप्त मतपरिणाम अनुसार प्रतिनिधिसभाको प्रत्यक्षतर्फ नेपाली काङ्ग्रेसले ५४ स्थानमा जीत हासिल गरी एक स्थानमा अग्रता कायम गरेको छ । यस्तै नेकपा (एमाले) ले ४४, नेकपा (माओवादी केन्द्र)ले १७, नेकपा (एकीकृत समाजवादी)ले १०, जनता समाजवादी पार्टी नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीले सात/सात स्थानमा जीत हासिल गरेका छन् । निर्वाचनमा लोकतान्त्रिक समाजवादी पार्टी नेपाल चार, नागरिक उन्मुक्ति पार्टी तीन, राष्ट्रिय जनमोर्चा, नेपाल मजदूर किसान पार्टी र जनमत पार्टीले एक/एक स्थान तथा स्वतन्त्र पाँचजनाले प्रत्यक्षतर्फ जीत हासिल गरेका छन् ।

यसैगरी प्रतिनिधिसभाको समानुपातिकतर्फ बुधवार दिउँसोसम्म एक करोड ४२ हजार ५१४ सदर मतमध्ये एमालेले २७ लाख ९०४, काङ्ग्रेसले २५ लाख ५९ हजार ४२, माओवादी केन्द्रले ११ लाख ४५ हजार ३९१, राष्ट्रिय स्वतन्त्र पार्टीले १० लाख ९८ हजार ६४७, राप्रपाले पाँच लाख ७१ हजार १६९, जसपाले तीन लाख ९६ हजार ८३९, जनमत पार्टीले तीन लाख ६० हजार ६६९ र एकीकृत समाजवादीले दुई लाख ८२ हजार ८८९ मत प्राप्त गरेका छन् ।

सङ्घीय संसद्को तल्लो सदन प्रतिनिधिसभामा १६५ सांसद प्रत्यक्ष र ११० सांसद समानुपातिक प्रणालीबाट निर्वाचित हुने संवैधानिक व्यवस्था छ । प्रतिनिधिसभा २७५ सदस्यीय हुनेछ भने सङ्घीय संसद्को माथिल्लो सदन राष्ट्रियसभा ५९ सदस्यीय हुने संविधानमा उल्लेख छ ।

निर्वाचन आयोगले यस अघि यही मङ्सिर २२ गतेसम्म निर्वाचनको अन्तिम मत परिणाम आइसक्ने र त्यसको सम्पूर्ण विवरण राष्ट्रपतिलाई बुझाउने समय निर्धारण गरेको थियो । बाजुरा, स्याङ्जा र दोलखामा निर्वाचन एवं मतगणनामा भएको ढिलाइले अन्तिम परिणाम निर्धारित समयमा आउनेमा आशङ्का छ ।

निर्वाचनको मत परिणाम अन्तिम चरणमा पुग्दै गर्दा दलहरूले नयाँ सरकार गठनका लागि प्रयास थालेका छन् भने सङ्घीय संसद् सचिवालयले पनि नयाँ संसद् सञ्चालनका लागि आवश्यक तयारी थालेको छ । यसैबीच प्रधानमन्त्री एवं काङ्ग्रेसका सभापति शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले भेट गरी पाँच दलीय सत्ता गठबन्धनकै नयाँ सरकार बनाउने सम्बन्धमा छलफल शुरू गरेका छन् ।


प्रतिनिधि सभा । तस्वीरः फाइल

**नयाँ सरकार गठनको संवैधानिक व्यवस्था**

नेपालको संविधानको धारा ७६ मा राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने र निजको अध्यक्षतामा मन्त्रिपरिषद् गठन हुने प्रावधान छ । प्रतिनिधिसभाका प्रत्यक्ष १६५ र समानुपातिक ११० सिटको हालसम्मको मत परिणाम हेर्दा कुनै पनि दलको बहुमत नआउने स्पष्ट छ । प्रतिनिधिसभाको कुल २७५ सिटमध्ये बहुमत पुऱ्याउन १३८ सिट ल्याउनुपर्छ ।

सोही धाराको उपधारा (२) मा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधिसभाका सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ ।

त्यस्तै उपधारा (३) मा प्रतिनिधिसभा निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र उपधारा (२) बमोजिम प्रधानमन्त्री नियुक्त हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्य भएको दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ ।

उपधारा (४) मा उपधारा (२) वा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले त्यसरी नियुक्त भएको मितिले ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्नेछ । उपधारा (५)मा उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा (२) बमोजिम कुनै सदस्यले प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ ।

उपधारा (६) मा उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्नुपर्नेछ । त्यस्तै उपाधारा (७) मा उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रधानमन्त्री नियुक्त हुन नसकेमा प्रधानमन्त्रीको सिफारिशमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरी छ महीनाभित्र प्रतिनिधिसभाको अर्को निर्वाचन सम्पन्न हुनेगरी मिति तोक्ने संविधानको व्यवस्था छ ।

उपधारा (८)मा संविधानबमोजिम भएको प्रतिनिधिसभा निर्वाचनको अन्तिम परिणाम घोषणा भएको वा प्रधानमन्त्रीको पद रिक्त भएको मितिले ३५ दिनभित्र प्रधानमन्त्री नियुक्तिसम्बन्धी प्रक्रिया सम्पन्न गर्नुपर्ने प्रावधान छ ।

**नयाँ संसद् सञ्चालनको तयारी**

संविधानको ९३ मा राष्ट्रपतिले प्रतिनिधिसभाका लागि निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र सङ्घीय संसद्को अधिवेशन आह्वान गर्ने व्यवस्था छ । निर्वाचनको अन्तिम मत परिणाम प्राप्त हुने समय नजीकिएसँगै सङ्घीय संसद् सचिवालयले संसद् बैठक सञ्चालनका लागि आवश्यक तयारी प्रारम्भ गरेको छ ।

प्रतिनिधिसभा निर्वाचनको अन्तिम मत परिणाम आएसँगै दलहरूले नयाँ सरकार गठनको पहल गर्ने र नयाँ सरकार गठनपछि उक्त सरकारले संसद् बैठकको अधिवेशन आह्वान गर्नेछ । संसद् बैठक बस्नु अगावै प्रतिनिधिसभाका नवनिर्वाचित सांसदमध्ये ज्येष्ठ सांसदले राष्ट्रपतिबाट शपथ लिने संसद् सचिवालयका महासचिव डा भरतराज गौतमले जानकारी दिए । ज्येष्ठ सदस्यले अन्य सदस्यलाई शपथ गराएपछि संसद् बैठक प्रारम्भ हुनेछ ।

निर्वाचनपछिको पहिलो संसद् बैठकलाई राष्ट्रपतिले सम्बोधन गर्नेछन् । संविधानको धारा ९५ को उपधारा (२) मा राष्ट्रपतिले प्रतिनिधिसभाको निर्वाचन पछिको पहिलो अधिवेशन र प्रत्येक वर्षको पहिलो अधिवेशन प्रारम्भ भएपछि सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्ने उल्लेख छ ।

प्रतिनिधिसभाको पहिलो बैठक प्रारम्भ भएको मितिले १५ दिनभित्र प्रतिनिधिसभाका सदस्यले आफूमध्येबाट सभामुख र उपसभामुख निर्वाचन गर्नुपर्नेछ । सभामुख र उपसभामुखमध्ये एकजना महिला हुनेगरी निर्वाचन गर्नुपर्ने तथा सभामुख र उपसभामुख फरक दलबाट प्रतिनिधित्व हुनुपर्ने संवैधानिक व्यवस्था छ ।

**अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमै संसद् बैठक**

यस अघि सिंहदरबार परिसरमा निर्माणाधीन सङ्घीय संसद्को नयाँ भवनमा नयाँ संसद् बैठक बस्ने भनिए पनि निर्धारित समयमा निर्माण सम्पन्न नहुँदा अबको संसद् बैठक नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा नै बस्नेछ । उक्त नयाँ भवन सम्पन्न हुन अझै केही वर्ष लाग्ने देखिएको छ ।

प्रतिनिधिसभाको यस निर्वाचनबाट दलहरू र स्वतन्त्र सांसदको सङ्ख्या बढ्ने देखिएपछि त्यसको व्यवस्थापनको तयारीमा सचिवालय जुटेको छ । थपिने दल र सांसदका लागि सिंहदरबार परिसरमैं संसदीय दलको कार्यालय, नेता र सचेतकको कार्यकक्ष र बैठककक्ष, सवारी साधन र कर्मचारीलगायत आवश्यक व्यवस्थाको तयारी थालिसकेको सचिवालयका प्रवक्ता डा रोजनाथ पाण्डेले जानकारी दिए ।

उनले भने–"निर्वाचनबाट आउने दल र सांसदका लागि संसदीय दलको कार्यालयलगायत व्यवस्थापन गर्नुपर्ने भयो, सिंहदरबारभित्र उपयुक्त स्थानमा कार्यालय उपलब्ध गराउने गरी तयारी थालेका छौं ।" २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा पाँचवटा राष्ट्रिय दल बनेका थिए भने एमालेबाट विभाजित एकीकृत समाजवादीलाई पनि सचिवालयले दलको कार्यालय उपलब्ध गराएको थियो ।

यसबाहेक दुई वा दुईभन्दा बढी सांसद भएका दललाई सचिवालयले संसदीय दलको कार्यालय, नेता र सचेतकको कार्यकक्ष, बैठक कक्ष उपलब्ध गराउनुपर्नेछ । यस निर्वाचनबाट प्रतिनिधिसभामा १२ दलको प्रतिनिधित्व भएको छ भने पाँच स्वतन्त्र सांसद निर्वाचित भएका छन् ।

# गुप्ताको वार्षिकोत्सवमा श्रद्धाञ्जलिसभा

प्रस, रक्सौल, १४ मङ्सिर/

रक्सौलस्थित खेमचन्द ताराचन्द विद्यालयका पूर्वप्राचार्य डा रामचन्द्रप्रसाद गुप्ताको नौऔं वार्षिकीमा श्रद्धाञ्जलिसभा गरिएको छ ।


तस्वीरः राजेश केशरीवाल

श्रद्धाञ्जलिसभामा बिहार प्रदेश युवा काङ्ग्रेसका महासचिव बिहार विधान परिषद्का प्राध्यापक अखिलेश दयालले डा गुप्ताको जीवनीबारे प्रकाश पारेका थिए । उनले शिक्षाको क्षेत्रमा खासगरी रक्सौलमा डा गुप्ताको योगदान अविस्मरणीय रहेको र उनले शैक्षिक क्रान्ति ल्याएको बताए ।

डा गुप्ताका छोरा प्रहस्त कुमारले बुबाको नाममा परेवा ब्लक रोडमा आमाले विवाहभवन निर्माण गरेको र बेलाबखत निश्शुल्क स्वास्थ्य शिविरको आयोजना गर्दै आएको बताए । डा गुप्ताकी पत्नी शैलदेवीले पतिले गरेको कीर्ति अहिले पनि रक्सौलवासीले बिर्सिन नसकेको भन्दै हरसम्भव सहयोगात्मक भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरिन् ।

कार्यक्रममा प्राचार्य अमोद झा, सुनीलकुमार सिन्हा, नरेन्द्र कुमार, बृजेशकिशोर राउत, विकाश गुप्ता, सरिता देवी, महम्मद सैफुल्लाह, उमेश सिंह, सन्तोष पाण्डेलगायतको सहभागिता थियो ।

# दुर्घटनामा चटपटे विक्रेताको मृत्यु

प्रस, वीरगंज, १४ मङ्सिर/

सखुवाप्रसौनी गाउँपालिका–५ टालीचोकमा ठेलामा चटपटे बेच्ने एकजना व्यापारीको ट्याक्टरको ठक्करबाट मङ्गलवार राति मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ ।

रामनगरीबाट महुवनतर्फ जाँदै गरेको नम्बर नखुलेको ट्याक्टरले मङ्गलवार राति ८:४० बजे ठक्कर दिंदा बहुदरमाई नगरपालिका वडा नं ८ रामनगरी बस्ने ४५ वर्षीय चटपटे व्यापारी तपसी साह कानूको मृत्यु भएको जिप्रका, पर्साले जनाएको छ ।

घटनालगत्तै इलाका प्रहरी कार्यालय, पोखरियाका प्रहरी निरीक्षक आयुष जोशीले ट्याक्टर चालकको खोजतलाश गर्ने क्रममा अल्फावेट मेटिएको अवस्थामा २८५८ नम्बरको ट्याक्टर बरामद गरेका छन् भने चालक फरार रहेको जिप्रका, पर्साले जनाएको छ ।

# समानुपातिकतर्फ एक करोड मतगणना

काठमाडौं, १४ मङ्सिर/रासस

प्रतिनिधिसभा सदस्यको समानुपातिक प्रणालीतर्फ हालसम्म एक करोड ४२ हजार ९३२ मतगणना भएको छ ।

निर्वाचनका लागि कुल मतदाता एक करोड ७९ लाख आठ हजार ८५० रहेका थिए । प्रारम्भिक विवरणमा ६१ प्रतिशत (एक करोड नौ लाख ७३ हजार २७) मत खसेकामा अब करीब नौ लाख मतगणना बाँकी रहेको देखिएको छ ।

निर्वाचन आयोगको सूचना प्रणालीमा प्रविष्ट भए अनुसार उक्त प्रणालीतर्फ प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)ले निरन्तर अग्रता लिइरहेको छ । हालसम्म उक्त दलले २७ लाख एक हजार ७२ मत प्राप्त गरेको छ भने नेपाली काङ्ग्रेस २५ लाख ५९ हजार १७१ मतसहित दोस्रो स्थानमा छ ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)ले ११ लाख ४५ हजार ४४२, राष्ट्रिय स्वतन्त्र पार्टीले १० लाख ९८ हजार ६६३, राष्ट्रिय प्रजातन्त्र पार्टीले पाँच लाख ७१ हजार १७५, जनता समाजवादी पार्टी नेपालले तीन लाख ९६ हजार ८३९ र जनमत पार्टीले तीन लाख ६० हजार ६६९ मत प्राप्त गरेका छन् ।

प्रतिनिधिसभामा प्रत्यक्षतर्फ १६५ क्षेत्रमध्ये १६१ क्षेत्रको मतपरिणाम सार्वजनिक भइसकेको छ । सुनसरी क्षेत्र नं ४, स्याङ्जा क्षेत्र नं २, दोलखा र बाजुराको परिणाम आइसकेपछि आयोगले 'सेन्ट लग' सूत्र अनुसार दलहरूले बुझाएको अन्तिम बन्द सूचीबाट समानुपातिकमा पाउने स्थान (सङ्ख्या) निर्धारण गर्नेछ । दोलखाका १० मतदान केन्द्रमा यही मङ्सिर १५ गते पुनः मतदान हुँदैछ भने स्याङ्जा र बाजुराको मतदानमा भएको विवादबारे चाँडै निकास दिइने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताए ।

# अठासी प्रतिशत महिला पत्रकार हिंसामा

–कालिका खड्का
काठमाडौं, १४ मङ्सिर/रासस

'महिला पत्रकारमाथि अनलाइन हिंसाको अवस्था'सम्बन्धी एक अध्ययन प्रतिवेदनले ८८ दशमलव छ प्रतिशत महिला पत्रकारले आफ्नो जीवनकालमा हिंसा भोगेको जनाएको छ ।

छापा, विद्युतीय तथा अनलाइन मिडियामा कार्यरत २८१ जना महिला पत्रकारको सहभागिता रहेको अध्ययनमा ८८ दशमलव छ प्रतिशत महिला पत्रकारले हिंसा भोग्नुपरेको देखाएको छ । सन् २०२२ मे महीनादेखि ३१ अगस्तसम्म गरिएको अध्ययनमा हिंसा गर्ने व्यक्तिबारे सोधिएका प्रश्नमा २८१ जना सहभागीमध्ये ११६ जनाले कार्यालयभित्रका सहकर्मीबाट, ८९ जनाले कार्यालयबाहिरका सहकर्मीबाट, ८९ जनाले परिचित व्यक्तिबाट, ६३ जनाले समाचार स्रोतबाट, ५६ जनाले राजनीतिक दलसम्बद्ध व्यक्तिबाट र २६ जनाले सरकारी अधिकारीबाट अनलाइन हिंसा भएको उल्लेख गरेका छन् ।

सहभागीमध्ये ५३ प्रतिशतले आफूले भोगेको अनलाइन हिंसा पत्रकारिता पेशासँग सम्बन्धित रहेको बताएका थिए भने २१ दशमलव चार प्रतिशतले अनलाइनबाट शुरू भएको हिंसापछि गएर र चार दशमलव छ प्रतिशतले इन्स्टाग्रामको माध्यमबाट हिंसा भएको देखाएका छन् ।


तस्वीरः रासस

धम्की र भौतिक आक्रमणसम्म पुगेको बताएका छन् । सहभागीमध्ये ११ दशमलव चार प्रतिशतले आफूले नभई अरूले हिंसा भोगेको सुनाएको प्रतिवेदनमा छ ।

अध्ययनले सबैभन्दा बढी फेसबूक मेसेन्जरबाट हिंसा हुने देखाएको छ । सहभागीमध्ये फेसबूक म्यासेन्जरबाट ६२ दशमलव तीन प्रतिशत, १५ दशमलव पाँच प्रतिशतले ट्विटर, १२ दशमलव आठ प्रतिशत ह्वाट्सएप, ११ दशमलव सात प्रतिशत भाइबर, छ प्रतिशतले इमेल

अनलाइन हिंसामा परेकामध्ये ४० दशमलव दुई प्रतिशत महिला पत्रकारले पेशामा असर परेको र अनलाइन हिंसामा परेकामध्ये ३१ प्रतिशतले पारिवारिक जीवनमा असर परेको बताएको छ । अनलाइन हिंसामा परेकामध्ये ६२ दशमलव तीन प्रतिशतले मानसिक स्वास्थ्यमा असर परेको र मानसिक असर परेकामध्ये २६ दशमलव तीन प्रतिशतले मनोसामाजिक परामर्शको सेवा लिनुपरेको अध्ययनमा छ ।

मिडिया एड्भोकेसी ग्रुप (म्याग)ले उक्त अध्ययन प्रतिवेदन सार्वजनिक गरेको हो । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव वैकुण्ठ अर्यालले आज उक्त प्रतिवेदन सार्वजनिक गर्दै प्रतिवेदनले गहन विषयको उठान गरेको र कानून निर्माण प्रक्रियामा मन्त्रालयले गम्भीरतापूर्वक समेट्ने बताए । "आमसञ्चारमा आएका हिंसाका घटना हेरिन्छ, समाचारभित्रका पात्रहरू कसरी पीडित भइरहेका छन् भन्ने हेरिएको थिएन," उनले भने, "अझ सर्वसाधारणको अवस्था कस्तो होला,

(बाँकी पाँचौं पातामा)

# तीन दशमलव ५१ अङ्कले घट्यो नेप्से

काठमाडौं, १४ मङ्सिर/रासस

पूँजी बजारको आजको कारोबारमा सामान्य अङ्कको गिरावट देखिएको छ । नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक आज तीन दशमलव ५१ अङ्कले घटेर एक हजार ९४९ दशमलव ८५ अङ्कमा कायम भएको हो ।

आज २३८ वटा कम्पनीका कुल २३ लाख ५५ हजार ८४५ कित्ता शेयर खरीद–बिक्री हुँदा कारोबार रकम भने रु ८४ करोड २६ लाख ९५ हजार ३०० मा खुम्चिएको नेप्सेले जनाएको छ । आज ६४ वटा कम्पनीका शेयर मूल्य बढ्दा १२४ वटा कम्पनीका भने घटेको छ ।

लघुवित्त र व्यापार समूहको उपसूचक क्रमशः शून्य दशमलव २७ र १६ दशमलव ४२ अङ्कले बढ्दा अरू सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा बढी विकास बैंक समूहको उपसूचक १८ दशमलव ८५ अङ्कले घटेको छ । त्यस्तै, उत्पादन समूहको उपसूचक १८ दशमलव ३७, वित्त समूहको उपसूचक १७ दशमलव ८४, जीवन बीमा समूहको उपसूचक १७ दशमलव ५४, अन्य समूहको उपसूचक नौ दशमलव ७६ र निर्जीवन बीमा समूहको उपसूचक सात दशमलव ५० अङ्कले घटेको छ ।

बैंकिङ समूहको उपसूचक शून्य दशमलव ३१, होटल तथा पर्यटन समूहको उपसूचक एक दशमलव ३८, जलविद्युत् समूहको उपसूचक दुई दशमलव २९, लगानी समूहको उपसूचक शून्य दशमलव २३ र म्युचुअल फन्डको उपसूचक शून्य दशमलव १२ अङ्कले घटेको छ ।

आजको कारोबारमा ग्रीनलाइफ हाइड्रोपावर लिमिटेडका लगानीकर्ताले प्रतिकित्ता चार दशमलव १७ प्रतिशतका दरले कमाएका छन् भने सबैभन्दा धेरै गुमाउनेमा लक्ष्मी इक्विटी फन्डका लगानीकर्ताले प्रतिकित्ता पाँच दशमलव ७६ प्रतिशतका दरले गुमाएका छन् ।

आज सबैभन्दा धेरै हिमालयन डिस्टिलरी लिमिटेडको रु चार करोड ७९ लाख ३४ हजार ४२३ बराबरको कारोबार भएको छ । कारोबार सङ्ख्याका आधारमा भने नबिल बैंक लिमिटेडको शेयर ४९६ पटक कारोबार भएको छ ।

# फूटबल

संसारभरि नै अहिले फूटबलको ज्वारभाटा चलिरहेको छ । फिफा वर्ल्डकप फूटबल–२०२२ कतारमा शुरू भइसकेको छ । कतारले वर्ल्डकप सफलतापूर्वक सञ्चालन गर्ला भनेर धेरैले आशङ्का प्रकट गरेका थिए तर अहिलेसम्मकै सबैभन्दा बढी खर्च अर्थात् दुई सय बिलियन डलरभन्दा बढी खर्च गरेर कतारले प्रतियोगिता गराई सबैलाई आश्चर्यमा पारेको छ । कतारको इतिहासमा पहिलोपटक खेल अवधिभर मदिरा बिक्री वितरणमा रोक लगाइएको छ । सयकडौं मुलुकका फूटबलप्रेमीहरू फूटबलको धित मार्न कतार पुगिसकेका छन् । यसपछि सन् २०२६ मा फिफा वर्ल्डकप संयुक्तरूपमा अमेरिका, मेक्सिको र क्यानडा गरी तीन देशमा हुनेछ । यी तीनवटा मुलुकहरू एकअर्कासँग सीमा जोडिएका असल छिमेकी मित्रराष्ट्र हुन् । अमेरिकाले सन् १९९४ समेत गरी दोस्रोपल्ट, मेक्सिकोले तेस्रोपल्ट र क्यानडाले पहिलोपल्ट यो प्रतियोगिता खेलाउने अवसर पाएका छन् । मेक्सिकोले एक्काइसवटा फिफा वर्ल्डकपमा सोन्हपल्ट प्रवेश पाएर खेलेको छ । फूटबल संसारकै लोकप्रिय र सबै देशहरूमा खेलिने खेल हो । फूटबल प्रेमीहरूका लागि फिफा वर्ल्डकप सबैभन्दा ठूलो खेल मानिन्छ । नेपालमा समेत खेलप्रेमीहरूले नयाँ–नयाँ टिभी खरीद गर्ने, समूहमा रातभर जाग्राम रहेर यो खेलको मजा लुट्छन् ।

हाम्रो वीरगंजमा समेत कुनै बखत स्तरीय फूटबल खेल हुने गर्थ्यो । पञ्चायतकालमा वीरगंजको महेन्द्र गोल्डकप फूटबल प्रतियोगिता लोकप्रिय थियो । बहुदल आएपछि वीरगंजमा शहीद तेजबहादुर अमात्य गोल्डकप हुन थाल्यो ।

**मन्तव्य**



**कुमारबन्धु रुपाखेती**

**नेपालका झन्डै ४५ पहाडी जिल्लामा समतल भूमिको अभावले फूटबल मैदान नै छैन । वीरगंजमा भने हामीसँग स्तरीय अनि तयार रङ्गशाला हुँदाहुँदै पनि फूटबलप्रति उस्तो चाहना छैन । खेलकूदले युवाहरूमा रचनात्मक ऊर्जा दिने, तन्दुरुस्त राख्ने, कुलतबाट जोगाउँछ ।**

तीनताका भारत, भूटान र नेपालका चुनिन्दा क्लबहरू वीरगंज आउँथे । नारायणी अञ्चल मात्र नभई राजधानी काठमाडौंलगायत मोतीहारी, मुजफ्फरपुरबाट समेत फूटबलप्रेमी दर्शक खेल हेर्न वीरगंज आउँथे । फूटबलका अन्य सानातिना प्रतियोगितासमेत आयोजना हुन्थ्यो ।

अचेल वीरगंजमा फूटबल शान्त छ, कुनै स्तरीय प्रतियोगिता सञ्चालनमा छैन । यहाँको आदर्शनगर रङ्गशाला र नारायणी रङ्गशालामा अचेल स्याल कराउँछ । सुनसान र विरान बनेका छन् हाम्रा रङ्गशालाहरू । बरु वीरगंज छेउछाउका ग्रामीण भेगमा अचेल फूटबलको नशा चढेको देखिन्छ । सिमरा र ठोरी यसका उदाहरण बनेका छन् । वीरगंजका धनपति, उद्योगपति बस्ने महानगर भए तापनि यहाँ कसैलाई खेल अथवा फूटबलप्रति लगाव देखिंदैन । यहाँका फूटबलका पारखीहरू सिमरा गोल्डकप हेर्न सिमरा जान्छन् । युवा उद्योगपति अरविन्द अमात्य र रोशन श्रेष्ठहरूको एउटा सानो समूह वीरगंजमा फूटबल उत्थानका लागि सक्रिय छ भन्ने सुनिन्छ ।

अचेल वीरगंजमा साँझ–बिहान झोलामा बुट र फूटबल बोकेर मैदानतर्फ जाने युवा भेटिंदैनन् । वीरगंजमा रमेश गोर्खालीहरू खेलकूद र फूटबलबारे पोख्त जानकारी भएका हस्ती मानिन्छन् । देश, विदेशको मात्र होइन गोर्खालीलाई वीरगंजकै स्थानीय खेलाडी उत्तरबहादुर श्रेष्ठ, बिरमा, मथुरा, इस्लाम, रूपाल शम्शेर, सुवर्ण विक्रम शाह, लोकप्रकाश विक्रम शाहदेखि अनिल रूपाखेती र रितु शाक्यसमेतको खेलबारे जानकारी छ । गोर्खाली साहित्यकार पनि हुन् । अचेल त फूटबलको नाममा भेट्रान कप, जनप्रतिनिधि र कर्मचारी कप, मेयर कपजस्ता हास्यप्रद फूटबल प्रतियोगिता गरेर चित्त बुझाइन्छ । फूटबलभन्दा त यिनको भुँडी नै ठूलो हुन्छ । यस्तो प्रतियोगिता हेर्नु र सोनी टिभीमा कपिल शर्माको हास्यप्रद प्रोग्राम हेर्नु उस्तैउस्तै हो । नेपाली फूटबलमा गणेश थापा लोकप्रिय नाम थियो ।

नेपालका झन्डै ४५ पहाडी जिल्लाहरूमा समतल भूमिको अभावले फूटबल मैदान नै छैन । वीरगंजमा भने हामीसँग स्तरीय अनि तयार रङ्गशाला हुँदाहुँदै पनि फूटबलप्रति उस्तो चाहना छैन । खेलकूदले युवाहरूमा रचनात्मक ऊर्जा दिने, शारीरिक तन्दुरुस्ती हुने, कुलतबाट जोगाउने भए तापनि नेपालकै चर्चित यो महानगरबाट फूटबल लोप हुँदै जानु चिन्ताको विषय हो । पालिकाहरूले जथाभावी ठेलमठेल कर्मचारी भर्ना गर्नुभन्दा बरु फूटबल खेलाडी भर्ना गर्ने, पालिकाको टीम बनाउने हो भने धेरैले यो कामको सराहना गर्ने थिए । कुनै बखत वीरगंजमा पञ्चम क्लब, श्रीपुर ११, नारायणी स्पोर्ट्स क्लब, युवा स्पोर्ट्स क्लब, बिर्ता स्पोर्ट्स क्लबहरूले वीरगंज बाहिरसमेत गएर स्तरीय फूटबल प्रतियोगितामा विजयी भएर आउँथे । संरक्षणको अभावमा यी क्लबहरू सुक्दै गए । पञ्चायतकालमा बरु शरदचन्द्र शाहले 'विकास, अनुशासन, गतिशीलता' भन्दै खेलकूद र खासगरी फूटबललाई शीर्षमा पुऱ्याएका थिए । फूटबललाई हामी भकुन्डो भन्छौं ।

# गाउँघरमा देखिन छोड्यो अरिङ्गालको गोला

–दिलकुमार लिम्बू

फुङलिङ, १४ मङ्सिर/रासस

मौरी शब्द सुन्नासाथ जो कोहिले मह चाखेको कल्पना गर्छ र मुख मिठ्याउँछ । अरिङ्गाल सुन्नासाथ त्यसले चिल्दाको सास्ती स्मरण गर्छ । पहाडी क्षेत्रमा प्रशस्त पाइने अरिङ्गाल आजभोलि देख्न मुश्किल हुँदै गएको छ ।

ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका–६ का चिरन राई एक समयका अरिङ्गाल शिकारी थिए । उनी दिनभर अरिङ्गाल उडेको पछ्याउन टाढा–टाढासम्म पुग्दथे । विशेषगरी बिहान सूर्योदयको समय र सूर्यास्तको समय डाँडामा बसेर अरिङ्गाल उडेको माउ हेर्दै नजीक वा टाढा छ भने सजिलै पत्ता लगाउँथे । तर आजभोलि अरिङ्गाल भेटिन छाडेसँगै अरिङ्गालको शिकार गर्न छोडेका छन् ।

पाँच वर्ष अगाडि कात्तिक र मङ्सिरमा अरिङ्गालको माउ उडेको पछ्याउँदै अरिङ्गालको गोलो पोल्न व्यस्त हुने राईका लागि आजभोलि फुर्सदैफुर्सद छ । सूर्योदय र सूर्यास्तको किरणसँगै उडेको देखिने अरिङ्गालका माउ अचेल देख्न मुश्किल हुँदै गएको राईको भनाइ छ ।

सोही गाउँमा शहरमान राई र राजकुमार राई विगतका वर्षहरूमा प्रख्यात अरिङ्गाल शिकारी उपनामले परिचित नाम हो । दिनमा अरिङ्गालको गोलो पत्ता लगाएपछि बेलुका पोल्ने र झार्ने काम गर्दथे । बिस्तारै अरिङ्गाल लोप हुँदै गएसँगै उनीहरूले अरिङ्गालका शिकार गर्ने पेशा परिवर्तन गरेका छन् । शहरमान राई अहिले मिस्त्री काममा व्यस्त छन् भने राजकुमार राई अलैंची खेती गर्न थालेका छन् ।

विगतमा गाउँघर वरिपरिका जङ्गल तथा ठूला–ठूला रूखको हाँगा र चट्टानमा अरिङ्गालको गोलो देख्न सकिन्थ्यो । तर आजभोलि जङ्गल, भिर, पहाड तथा रूखका हाँगाहरूमा अरिङ्गाल देख्न मुश्किल हुँदै गएको फक्ताङलुङ गाउँपालिका–६ का वसन्त लिम्बू बताउँछन् । लिम्बूले भने–"केही वर्ष पहिले घरको छानोमा समेत अरिङ्गालको गोलो देख्न पाइन्थ्यो, आजभोलि जङ्गलमा समेत देख्न मुश्किल हुँदै गएको छ ।"

जैविक विविधताको क्षेत्रमा लामो समय काम गर्दै आएका हिमाली संरक्षण मञ्चका कार्यक्रम संयोजक रमेश राईका अनुसार अरिङ्गाल एक प्रकारको समूहमा बस्ने विषालु कीरा हो । यसको देख्न सक्ने क्षमता धेरै हुन्छ । मौसम अनुसार आफ्नो घर फेर्ने यो कीरा जमीनमुनि र अग्लाअग्ला रूखको हाँगामा गोलो बनाएर बस्ने गर्दछ ।



तस्वीर: रासस

सन् २०१८ मा इकोलोजिकल इनटोमोलोजी जर्नलमा 'हामी किन मौरीलाई माया र अरिङ्गाललाई घृणा गर्छौं' भन्ने एउटा अनुसन्धानात्मक लेख प्रकाशित भएको पाइन्छ । सेइरिन सम्नर, जर्जिया ल र अलसान्ड्रो सिनीको संयुक्त रूपमा प्रकाशित उक्त लेखले मौरी र बारुलाले प्रकृतिमा खेल्ने भूमिका समान रहेको उल्लेख गरेको छ । यिनीहरूले बिरूवालाई परागसेचनमा सघाउँछन् । विशेष गरेर मौरीले परागसेचनमा महत्त्वपूर्ण भूमिका खेल्छ भने अरिङ्गाल/बारुला चाहिं कीरा–फट्याङ्ग्रा खाएर खेतीपातीमा सघाउँछ । अरिङ्गालले बालीमा लाग्ने कीरा खाएर कीट नियन्त्रणको काम गर्ने उल्लेख छ ।

सो अनुसन्धानले ४५ देशका ७५० जना मानिसमा गरेको सर्वेक्षणमा सहभागीले अरिङ्गाल भन्नेबित्तिकै टोक्ने रिस उठ्दो र खतरनाक कीरा सम्झिए भने मौरी भन्नेबित्तिकै मह र परागसेचन सम्झिएको उल्लेख छ । त्रिभुवन विश्वविद्यालयका कीटविज्ञ दयाराम भुसालका अनुसार अरिङ्गालहरू विशेषतः जङ्गलमा बस्ने स्वभावका हुन्छन् । अरिङ्गालले आफूलाई चाहिने सीमित मात्रामा मह उत्पादन गर्छ ।

मौरी र अरिङ्गाल दुवै उस्तै भए पनि टोकाइ फरक हुने भुसालले बताए । मौरीले एक पटकमात्रै टोक्छ, जुन उसका लागि हानिकारक हुन्छ । कारण खिलसँगै मौरीको पाचन प्रणालीले केही भाग नशा छाड्ने गर्छ । अरिङ्गाल/बारुलाले पटकपटक टोक्ने भएकाले मानिसलाई विभित्र प्रकारको दुष्प्रभाव पर्छ । एकैपटक धेरै प्रकारको एलर्जीको सामना गर्नुपर्ने भएकोले प्रतिरोध गर्न नसक्ने अवस्था हुने अनुसन्धानहरूमा देखाइएको छ । मौरी तथा अरिङ्गालका खिलमा विशेषगरी मेलिटिन र एपामिन नामक पदार्थ रहेको हुन्छ ।

मेलिटिन एउटा विषालु पदार्थ भएकोले मानिस वा अन्य जन्तुको कोषलाई छेड्ने र मार्ने काम गर्छ भने एपामिन रक्तनली हुँदै दिमागसम्म पुग्ने र रक्तसञ्चारमा अवरोध गर्ने अनुसन्धानमा पाइएको छ । बारुला/अरिङ्गालहरूमा फोसपोफोलिएज–ए, बी, अर्लाम फोरोमोन्स, ह्यालारोनिडेज, एमसिडी पेप्टाइड, वास्प काइनिन, हिस्टामाइन, सेरोटोनिन, डोपामाइनजस्ता तत्त्व पाइन्छ ।

संसारमा १७ हजार प्रजातिका मौरीको पहिचान भएको छ भने नेपालमा छ प्रजाति पाइन्छ । तिनमा चार रैथाने प्रजातिका पर्दछन् । नेपालमा बारुला/अरिङ्गाल भने ११ प्रजातिको पाइन्छ । यी प्रजाति असार/साउनदेखि मङ्सिर/पुससम्म सक्रिय हुने त्रिवि जीवविज्ञान विभागबाट गङ्गा काफ्लेले गरेको शोधपत्रमा उल्लेख गरिएको छ ।

**अरिङ्गालको जीवन चक्र**

अरिङ्गालको जीवन चक्र मौरी, पुतली, झिंगाजस्तै फुलबाट लार्भा, लार्भाबाट प्युपा र प्युपाबाट वयस्क बन्ने गर्दछ । सबैभन्दा पहिले एउटा अरिङ्गालले आफू मात्र अट्ने सानो चाका बनाएर दुई/चारवटा फुल पारी बाहिरपट्टि रूखका बोक्राको धूलोको लेप बनाएर टाल्छ । फुलबाट विभिन्न अवस्था पार गरेर १५ देखि २० दिनमा दुई चारवटा अरू वयस्क अरिङ्गाल थपिन्छन् । यसैगरी जतिजति अरिङ्गालको सङ्ख्या बढ्दै जान्छ गोलाको आकार पनि त्यति ठूलो हुँदै जान्छ ।

अरिङ्गालको गोलोको आकार हेरेर योभित्र बस्ने अरिङ्गालहरू धेरै छन् अथवा थोरै छन् भनेर सजिलै अनुमान लगाउन सकिन्छ । अरिङ्गालहरू एक गोलोमा एक वर्षसम्म बस्छन् । पुस/माघमा चीसो मौसमका कारण अरिङ्गालहरू गोलो छाडेर अलगअलग जान्छन् । कति त मर्छन् पनि । गर्मी शुरू भएलगत्तै बचेका अरिङ्गालले छुट्टाछुट्टै गोला बनाउँछन् । अरिङ्गालहरूले मौरी, झिंगा आदि कीरालाई आफ्नो आहार बनाउँछन् ।

अरिङ्गालभित्र जात अनुसार ठूला रूखका टुप्पा, भिर–पहरा, कुइनेटा, पाखा, खरबारी, कान्ला र ढुङ्गाको कापतिर बस्ने गर्छ । विशेषतः कालो अरिङ्गाल, रातो अरिङ्गाल र लाटा अरिङ्गाल रूखमा गोला बनाएर बस्छन् । भिरपहरा, टोड्का, कुइनेटा, पाखा, खरवारी, कान्ला र ढुङ्गाको कापतिर गोला लगाउने गर्छन् ।

पहाडी जिल्लामा जङ्गल र खेतबारी वरपर रूख, ओडार, भिरपहरा ठूला भवनहरूमा वर्षायामसँगै अरिङ्गालले गोलो लगाउने गर्दछन् । पहाडी भेकमा विशेषगरी दुई खालका अरिङ्गाल हुन्छन् रातो र कालो । राता अरिङ्गालहरू सीधा हुन्छन्, जो गोलोनजीकै गएर चलाउँदा पनि हत्तपत्त चिल्दैनन् भने अर्को काला अरिङ्गाल जो देख्नमा हल्का रातो कालो हुन्छन् । अरिङ्गाललाई चलाउनु त के आफ्नो गोला भएको रूखको वरपर आएर हल्ला गर्नेसम्मलाई टोकिहाल्छ ।

अरिङ्गाल कालो हो कि रातो भनी यसको गोलोको रङ्गबाट पनि थाहा पाउन सकिन्छ । राता अरिङ्गालका गोलाहरू खैरो र फुस्रो रङ्गका हुन्छन् भने कालो

(बाँकी पाँचौं पातामा)

## फरक समाचार

# धनाढ्यहरू पलायन हुँदै

एकातर्फ संसारका थुप्रै देशमा धनाढ्यहरूको सङ्ख्या बढिरहेको छ भने अर्कोतर्फ उनीहरू आफ्नो देश छाडेर अन्य देशमा बस्न गइरहेका छन् । हेनले एन्ड पार्टनर्सको रिपोर्ट अनुसार सन् २०२२ मा अहिलेसम्म संसारका सम्पूर्ण देशहरूबाट ८८ हजार हाइ नेटवर्थ भएका व्यक्ति अन्य देशमा गएर बसेका छन् ।




अर्बपति पलायन हुने देशको सूचीमा सबैभन्दा पहिलो रूस परेको छ भने दोस्रो स्थानमा चीन र तेस्रो स्थानमा भारत परेको छ । सन् २०१४ देखि अहिलेसम्म भारतका २३ हजार धनाढ्य पलायन भइसकेका छन् ।

युद्धग्रस्त युक्रेनबाट २ हजार ८ सयजना पलायन भएका छन् भने हङकङबाट तीन हजार र ब्रिटेनबाट १ हजार ५ सयजना अर्बपति अन्य देशमा गएर बसेका छन् ।

देश छाडेका अर्बपतिहरूले नयाँ देशलाई ठेगाना बनाएका छन् । नयाँ ठेगानामध्ये संयुक्त अरब इमिरात, अस्ट्रेलिया र सिङ्गापुर रहेका छन् । अरबमा ४ हजार, अस्ट्रेलियामा ३ हजार ५ सय र सिङ्गापुरमा २८ सय धनाढ्य आफ्नो देश छाडेर आएका छन् । त्यस्तै भारतमा अर्बपतिहरूको कमी छैन । यहाँ ३.५७ लाख अर्बपति रहन्छन् र यीमध्ये दुई प्रतिशत धनाढ्यले मात्र देश छाडेका छन् । रिपोर्ट अनुसार भारतमा सन् २०३१ सम्म ८० प्रतिशत अर्बपति बढ्ने अनुमान छ ।

# चीसो सिरेटोले हुन सक्छ ब्रेन हेमरेज

जाडोको मौसममा ब्रेन हेमरेजका रोगीको सङ्ख्या बढ्छ । दिनचर्या सुधारिएन




भने मस्तिष्क पक्षघात हुन सक्छ । त्यसकारण चीसो हावाबाट आफूलाई बचाउनुपर्छ । भारतको जेएएचमा कार्डियक र न्युरोको ओपिडी बढेको छ । चीसोको कारण यो समस्या बुजुर्गहरूमा बढी हुन्छ । यसैकारण जाडोको मौसममा घरबाट बाहिर निस्कनुहुँदैन नत्र रगतको थक्का जमेपछि ब्रेन हेमरेज वा कार्डियक अरेस्ट हुने आशङ्का बढ्छ ।

चीसो सिरेटोले दिमागमा हमला गर्न थाल्छ । जयारोग्य चिकित्सालयदेखि निजी अस्पतालसम्म ब्रेन हेमरेजका बिरामी बढेका छन् । रक्तचापको समस्या हुनेहरूलाई विशेषगरी जाडोमा ब्रेन हेमरेज हुने आशङ्का रहन्छ । जयारोग्य चिकित्सालयको न्युरोलोजीमा ४० प्रतिशतसम्म ब्रेन हेमरेजका रोगी बढेका छन् । चिकित्सकका अनुसार जाडोको मौसममा बिहान अबेर घुमफिर शुरू गर्नुपर्छ । घरमैं बसेर हातखुट्टा चलाउनुपर्छ ।

**किन हुन्छ मस्तिष्कघात:** विशेषज्ञका अनुसार चीसोको मौसममा रगतमा गाढापन हुन्छ । साथै जाडोको कारण शरीरका नशा शिथिल हुन पुग्छ । यदि रक्तचापको समस्या छ भने ब्रेन हेमरेज हुने खतरा बढ्छ । तसर्थ जाडोमा घरबाट बाहिर निस्कने बेला टोपी लगाउने, एकै स्थानमा बसिरहँदा पनि हातखुट्टा चलाइराख्नुपर्छ जसले गर्दा नसा सक्रिय रहन्छ र शरीरमा रक्त प्रवाह हुन्छ । रगत गाढा हुने व्यक्तिले चिकित्सकसँग सल्लाह लिनुपर्छ ।

# मुसा मारेको आरोपमा युवक पक्राउ

भारत, युपीको बदायुमा एकजना व्यक्तिले मुसा समातेर उसको पुच्छरमा डोरी बाँधेर नालामा डुबाएर मारेको आरोपमा प्रहरीले सो व्यक्तिलाई पक्राउ गरेको छ ।



पशुप्रेमी विकेन्द्र शर्माले प्रहरीमा उजूरी दिंदै मनोज कुमारले पशु क्रूरता अधिनियम अन्तर्गत आइपिसीको धारा ४२९ क्रूरताको रोकथाम धारा ११ (१) (१) अन्तर्गत मामिला दर्ज गर्दै प्रहरीले मनोजलाई पक्राउ गरेको छ । विकेन्द्रले भने गत बिहीवार मनोजले मुसालाई फाल्दै गरेको देखेपछि आफूले बचाउन नालामा हाम फालेको बताए । उनले भने– मुसा मार्न कसैलाई अनुमतिको आवश्यकता छैन तर निर्दयतापूर्वक मुसा मारेको देखेपछि मलाई निकै रिस उठ्यो ।

मुसाको शव पोस्टमार्टम आइबिआरआई, प्रमुख भारतीय पशु चिकित्सा अनुसन्धान संस्थानमा गरिएको छ । चारदेखि पाँच दिनपछि पोस्टमार्टमको रिपोर्ट आउने बताइएको छ । रिपोर्ट आएपछि युवकमाथि कारबाई गरिने बताइँदै छ । प्रहरीले मनोजलाई पक्राउ गरी सोधपुछपछि छाडेको छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# इरानमा विरोध प्रदर्शनः चार सय बढी मारिए

तेहरान, १४ मङ्सिर/एएनआई

बाइस वर्षीया महसा अमिनीको प्रहरी हिरासतमा भएको मृत्युलाई लिएर गत असोजदेखि देशभर शुरू भएको विरोध


तस्वीरः एएफपी

प्रदर्शनका क्रममा इरानी सुरक्षा बलले कारबाई गर्दा कम्तीमा ४४८ जना मारिएका छन्।

विरोध प्रदर्शनमा सुरक्षाकर्मीसँग भएका झडप तथा प्रदर्शन दबाउन सुरक्षाकर्मीले बल प्रयोग गर्दा उनीहरू मारिएका मानव अधिकार समूहलाई उद्धृत गर्दै अरब न्युजले जनाएको छ। नर्वेको इरान मानव अधिकार समूहका अनुसार हालसम्म मारिएका ४४८ जनामध्ये ६० जना १८ वर्षमुनिका नाबालिग छन्। अठार वर्षमुनिका नौजना केटी पनि सुरक्षाकर्मीको कारबाईमा मारिएका छन्।

समूहको प्रतिवेदन अनुसार गत साता मात्र सुरक्षाकर्मीले १६ जनालाई मारेको थियो। मारिएकामध्ये १२ जना कुर्दिस जनसङ्ख्या बढी भएको इलाकाका हुन्। ती इलाकामा अहिले पनि हिंसात्मक प्रदर्शन जारी छ। दोहोरो झडपमा मारिएका नागरिकको सङ्ख्या मात्र प्रतिवेदनमा समावेश गरिएको तथा त्यसमा सुरक्षाकर्मीको हताहती समावेश गरिएको छैन।

इस्लामिक रिभोल्युशनरी गार्ड कर्प्सका ब्रिगेडियर जनरल अमीराली हज्जिजादेहले विरोध प्रदर्शनका क्रममा ३०० मानिस मारिएका बताएका छन्। सरकारीस्तरमा पहिलोपटक हताहतीको विवरण सार्वजनिक भएको पनि अरब न्युजले जनाएको छ।

उपयुक्त ढङ्गले टाउको नछोपेको अभियोगमा गत भदौ ३१ गते पक्राउ परेकी अमिनीको हिरासतमा मृत्यु भएको थियो। उनको हिरासतमा मृत्यु भएको खबर सार्वजनिक भएपछि इरानमा विरोध प्रदर्शन भड्किएको छ। धार्मिक प्रहरीले उनलाई यातना दिएर मारेको आरोप प्रदर्शनकारीले लगाएका छन्। यद्यपि इरान सरकारले त्यसको खण्डन गरेको छ। रासस

# ९७ प्रतिशत अफगानी गरीबीको रेखामुनि

काबुल, १४ मङ्सिर/एएनआई

खाद्यान्न अभावसँगै ९७ प्रतिशत अफगानी जनता गरीबीको रेखामुनि बाँचिरहेको एउटा सर्वेक्षणले देखाएको छ। तालिबानले गत वर्ष देशको शासनसत्ता कब्जा गरेपछि अर्थतन्त्रमा गम्भीर चुनौती उत्पन्न भई खाद्यान्न अभाव बढेको छ।

आप्रवासनका लागि अन्तर्राष्ट्रिय सङ्गठन (आइओएम) द्वारा युरोपेली सङ्घसँगको साझेदारी र समन्वयमा जारी गरिएको सर्वेक्षण अनुसार अफगानिस्तानको ९७ प्रतिशत जनसङ्ख्या गरीबीको रेखामुनि धकेलिएको छ।

बिजुली कटौतीका कारण देशका प्रमुख शहरको अर्थतन्त्रमा प्रभाव परेको, विद्युत् अभावमा धेरै कारखाना बन्द भएका तथा रोजगारका सीमित अवसरमा पनि प्रभाव परेको छ।

खडेरी र कमजोर शासनको परिणामस्वरूप अफगानिस्तानको आधा भन्दा बढी जनसङ्ख्याले गम्भीर खाद्यान्न अभाव झेलिरहेको छ। सर्वेक्षणले गरीबीका कारण अफगानी आजीविकामा नकारात्मक असर परेको, ग्रामीण क्षेत्रका मानिसलाई स्रोत विविधीकरणमा पर्याप्त उपलब्धता नभएको तथा करीब ६० प्रतिशत जनसङ्ख्या जलवायु आघातबाट पीडित भएको देखाएको छ।

विश्व खाद्य कार्यक्रम (डब्ल्युएफपी) ले अफगानिस्तानको आर्थिक सङ्कटलाई लिएर गम्भीर चिन्ता व्यक्त गरेको छ। व्याप्त आर्थिक सङ्कटले देशभरका परिवार र समुदायको जीविकोपार्जनमा समस्या भएको बताएको छ। डब्ल्युएफपीले साना उद्यममा असर परेको, निजी कम्पनीले बिक्रीमा भएको कमी, उत्पादन र उपभोक्ता मागमा ठूलो गिरावट आएको कारण आधाभन्दा बढी कर्मचारी कटौती गरिएको जनाएको छ। लाखौं अफगानी भोकमरीको चपेटामा पर्न सक्ने जनाउँदै उक्त संस्थाले मानवीय सङ्कटबाट अफगानिस्तानलाई जोगाउन अन्तर्राष्ट्रिय समुदायलाई सहयोग गर्न जोड दिएको छ। रासस

### अठासी प्रतिशत ...

कानूनमा पनि केही थप गरेर जानुपर्ने देखिन्छ।" उनले मन्त्रालयले आवश्यक परेमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले अध्ययन महत्वपूर्ण भएको उल्लेख गर्दै भने, "महासङ्घले नीति, नियम वा निर्देशिका बनाउँदा यस विषयलाई समेट्नेछ।" उनले हिंसाको विषय महिलाको मात्र नभएर सबैको भएको भनाइ राखे।

"सुसूचित गर्ने व्यक्ति नै हिंसामा परेपछि समाजको हिंसा अझ कस्तो होला," महिलाविरुद्ध हुने विभेद उन्मूलन समिति (सिड)की सदस्य वन्दना राणाले भनिन्, "पुरुषलाई पनि हिंसा भएको होला, त्यो कुन स्तरमा भएको छ, अध्ययन हुनुपर्छ।" म्यागकी संस्थापक अध्यक्ष बबिता बस्नेतले उक्त प्रतिवेदन प्रस्तुत गर्दै अनलाइन हिंसा रोक्न पर्याप्त कानूनको व्यवस्था गर्नुपर्ने र मानवीय व्यवहार सुधार गर्न जरुरी भएको बताइन्।

म्यागकी अध्यक्ष अनीता बिन्दुले संस्थागतरूपमा महिला हिंसा न्यूनीकरण गर्न र डिजिटल सुरक्षामा खतरा बढ्दै गएको हुँदा राज्यले कानूनीरूपमै व्यवस्था गर्न ध्यानाकर्षण गर्ने उद्देश्यले उक्त अध्ययन गरिएको जानकारी दिए।

नेपालमा महिलामाथि शारीरिक, मानसिक, मनोवैज्ञानिक, आर्थिक, सामाजिक, सांस्कृतिक, यौनजन्य, प्रथा र परम्पराजनितलगायत हिंसा हुँदै आएका छन्। सूचना प्रविधिको बढ्दो प्रयोगसँगै प्रविधिबाट हुने हिंसा बढ्दै गएको छ।

नेपाल प्रहरीको साइबर ब्युरोमा आर्थिक वर्ष २०७७/७८ मा साइबर अपराधसँग सम्बन्धित तीन हजार ९०६ उजुरी परेका छन्। तीमध्ये महिलामाथि भएको दुर्व्यवहारसम्बन्धी दुई हजार तीन, पुरुषका एक हजार ४७१ र अन्य लिङ्गीका २२४ रहेका छन्। यो तथ्याङ्कले हेर्दा अनलाइन हिंसा बढ्दो क्रममा देखिन्छ। यसलाई सम्बोधनका लागि कानून, संयन्त्र र व्यवहार सुधारमा ध्यान दिनुपर्ने जरुरी देखिन्छ।

**माइग्रेशन हराएको सूचना**

मिति २०७९/०७/२५ गते वीरगंजबाट घर आउने क्रममा राष्ट्रिय शिक्षा बोर्डबाट जारी (हरि खेतान बहुमुखी क्याम्पस कक्षा-१२ को मार्कसिट, प्रोभिजनल सर्टिफिकेट) माइग्रेशन प्रमाणपत्र नं. M0164187 हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी अथवा मो. ९७६२८२६९९४ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

नामः प्रियंकाकुमारी यादव
ठेगानाः पकाहामैनपुर गापा-३

**आजको राशिफल**

| | | | |
|---|---|---|---|
| मेष | मनोरञ्जन | वृष | सफलता |
| मिथुन | राज्यलाभ | कर्कट | रोगभय |
| सिंह | व्यापारवृद्धि | कन्या | शत्रुपराजय |
| तुला | ज्ञानोदय | वृश्चिक | भयचिन्ता |
| धनु | मित्रमिलन | मकर | अतिथिआगमन |
| कुम्भ | सुयश | मीन | खर्चवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

**रानीघाट-पोखरिया बस समिति**

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो ३:४० बजे

पारदर्शी बनौं,
भ्रष्टाचार रोकौं।
वीरगंज महानगरपालिका कार्यालय

# निकटतम प्रतिस्पर्धी भई पराजित महिला उम्मेदवार

काठमाडौं, १४ मङ्सिर/रासस

यही मङ्सिर ४ मा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन अन्तर्गत प्रतिनिधिसभाका १६२ निर्वाचन क्षेत्रको मतपरिणाम सार्वजनिक भइसकेको छ।

तीमध्ये नौजना महिला प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन्। नेकपा (एमाले)बाट बारा-३ बाट ज्वालाकुमारी साह, धनुषा-३ बाट जुलीकुमारी महतो, सुनसरी-३ बाट भगवती चौधरी र कास्की-२ बाट विद्या भट्टराई प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन्।

यसैगरी, तेह्रथुम-१ बाट नेपाली काङ्ग्रेसकी सीता गुरुङ, दाङ-२ बाट नेकपा (माओवादी केन्द्र)की रेखा शर्मा, कैलाली-१ बाट नागरिक उन्मुक्ति पार्टीकी रञ्जीता श्रेष्ठ, ललितपुर-३ बाट राष्ट्रिय स्वतन्त्र पार्टीकी डा तोसिमा कार्की र सोही पार्टीकी सोविता गौतम काठमाडौं-२ बाट निर्वाचित भएका छन्।

प्रतिनिधिसभा सदस्यतर्फको निर्वाचनमा निकटतम प्रतिस्पर्धीका रूपमा पराजित हुनेमा १५ जना महिला उम्मेदवार रहेका छन्। निर्वाचन आयोगका अनुसार प्रदेश १ मा तीन, मधेस प्रदेशमा एक, कर्णाली प्रदेशमा एक, लुम्बिनी प्रदेशमा पाँच, गण्डकीमा एक, वाग्मती प्रदेशमा एक र सुदूरपश्चिम प्रदेशमा तीनजना निकटतम प्रतिस्पर्धी महिला उम्मेदवार बनेका छन्। पराजित हुने अधिकांश पूर्वसांसद हुन्।

**प्रदेश १**

मोरङ निर्वाचन क्षेत्र नं २ मा नेपाली काङ्ग्रेसकी सुजाता कोइराला एमालेका ऋषिकेश पोखरेलसँग एक हजार २०८ मतले पराजित भइन्। उनले ३१ हजार ९४० मत प्राप्त गरेकी थिइन्।

सुनसरी-१ मा राष्ट्रिय स्वतन्त्र पार्टीकी गोमा तामाङ जनता समाजवादी पार्टीका अशोक राईको निकटतम प्रतिस्पर्धी बनिन्। मतगणनाका क्रममा केही समय अग्रता लिएकी तामाङ अन्तिम मतपरिणाममा भने ४५३ मतान्तरले राईसँग पराजित भइन्। उनले १६ हजार ६०६ मत ल्याएकी थिइन्।

एमालेकी मञ्जुकुमारी चौधरी उदयपुर-१ मा काङ्ग्रेसका डा नारायण खड्कासँग पराजित भइन्। डा खड्कासँग दुई हजार ३७९ मतान्तरले चौधरी पराजित भएकी थिइन्।

**मधेस प्रदेश**

सिराहा-२ मा जनता समाजवादी पार्टी (जसपा)का राजकिशोर यादवसँग नेपाली काङ्ग्रेसकी चित्रलेखा यादव एक हजार १५० मतान्तरले पराजित भइन्। चित्रलेखाले २३ हजार २८ मत प्राप्त गरिन्।

**कर्णाली प्रदेश**

जुम्ला-१ मा माओवादी केन्द्रकी गोमा गौतम (कुँवर) राष्ट्रिय प्रजातन्त्र पार्टीका ज्ञानबहादुर शाहीको निकटतम प्रतिस्पर्धी बनिन्। उनले ११ हजार ९५९ मत प्राप्त गरेकी थिइन्।

**लुम्बिनी प्रदेश**

दाङ-१ मा एमालेकी शान्ता चौधरी नेकपा (एकीकृत समाजवादी)का मेटमणि चौधरीको निकटतम प्रतिस्पर्धी बनिन्। शान्ता मेटमणिसँग पाँच हजार ८३ मतान्तरले पराजित भइन्। शान्ताले २१ हजार ४९३ मत प्राप्त गरेकी थिइन्।

दाङ-३ मा एमालेकी कोमल वली काङ्ग्रेसका दीपक गिरीको निकटतम प्रतिस्पर्धी बनिन्। गिरी ३६ हजार ९११ मतसहित निर्वाचित भए। गिरीसँग सात हजार ८९१ मतले वली पराजित भइन्।

प्युठान-१ मा राष्ट्रिय जनमोर्चाकी दुर्गा पौडेल एमालेका सूर्यबहादुर थापा क्षेत्रीसँग पराजित भइन्। थापा ४१ हजार ११८ मत ल्याइ निर्वाचित हुँदा पाँच हजार ३०४ मतान्तरले पौडेल पराजित भइन्।

अर्घाखाँची-१ मा काङ्ग्रेसकी पुष्पा भुसाल (गौतम) एक हजार ७३० मतान्तरले एमालेका टोपबहादुर रायमाझीसँग पराजित भइन्। भुसालले ४० हजार ९४५ मत प्राप्त गरेकी थिइन्।

गुल्मी-२ मा नेकपा (एकीकृत समाजवादी)की रामकुमारी झाँक्री एमालेका गोकर्णराज विष्टसँग दुई हजार ३५ मतान्तरले पराजित भइन्। झाँक्रीले २६ हजार ४४१ मत प्राप्त गरिन्।

**गण्डकी प्रदेश**

बागलुङ-२ मा एमालेकी मञ्जु शर्मा चार हजार ६०१ मतान्तरले माओवादी केन्द्रका देवेन्द्र पौडेलसँग पराजित भइन्। शर्मा २० हजार १९३ मत प्राप्त गरी पौडेलको निकटतम प्रतिस्पर्धी बनिन्।

**वाग्मती प्रदेश**

मकवानपुर-१ मा राप्रपाका दीपकबहादुर सिंह निर्वाचित भए। उनको निकटतम प्रतिस्पर्धी काङ्ग्रेसकी महालक्ष्मी उपाध्याय (डिना) दुई हजार ३८६ मतान्तरले पराजित भइन्।

**सुदूरपश्चिम प्रदेश**

कञ्चनपुर-१ मा एमालेका तारा लामा तामाङ निर्वाचित भए। उनको निकटतम प्रतिस्पर्धी माओवादी केन्द्रकी बिना मगर थिइन्। पाँच हजार ५४३ मतान्तरले मगर पराजित भएकी थिइन्।

कञ्चनपुर-३ मा काङ्ग्रेसका रमेश लेखकसँग एमालेकी निरुदेवी पाल १२ हजार ९० मतान्तरले पराजित भइन्। डोटी-१ मा एमालेकी गौरीकुमारी ओली, एकीकृत समाजवादीका प्रेमबहादुर आलेसँग चार हजार २०६ मतान्तरले पराजित भइन्।

**'आन्तरिक सङ्गठन बलियो भएन'**

एमालेकी गौरीकुमारी ओली भन्छिन्, "मैले जति मत पाएकी छु, त्यो जनताले स्वःस्फूर्त दिएको मत हो। म उहाँहरूको मनमा बस्न सफल भएकी छु।" सोही पार्टीकी कमल वली मतदाता शिक्षाको अभावमा बदर मतको कारण पनि आफ्नो मत काटिएको बताउँछिन्।

पराजित भएपछि निर्वाचन समीक्षा गर्दै एमालेकी पाल भन्छिन्, "मेरो हारको मुख्य चुनौती गठबन्धन बन्यो।"

गठबन्धनका तर्फबाट काङ्ग्रेसकी पराजित कोइराला भन्छिन्, "गठबन्धनभित्रबाटै सहयोग भएन, आन्तरिक सङ्गठनहरू बलियो भएनन्। मलाई गठबन्धनका सबै दलबाट मत प्राप्त भएन।" सोही पार्टीकी यादवले भन्छिन्, "गठबन्धनभित्रका साथीहरूबाट नै मत पाइनँ। हामीले शुरूमा आकलन गरेको गठबन्धनको मतले मेरो जीत सुनिश्चित थियो। मैले उहाँहरूलाई विश्वास गरें। अन्तिममा भित्रबाटै धोका भयो।"

राष्ट्रिय स्वतन्त्र पार्टीका तामाङले निर्वाचनमा पहिलोपटक उम्मेदवार हुँदा जनताले विश्वास गरेर आफूलाई दिएको मत महत्वपूर्ण रहेको बताइन्।

# ट्रकको ठक्करबाट वृद्धको मृत्यु

प्रस, वीरगंज, १४ मङ्सिर/

ड्राइपोर्टबाट सामान बोकेर बाहिरिने क्रममा ट्रकको ठक्करबाट एकजना वृद्धको मृत्यु भएको छ।

मृत्यु हुनेमा वीरगंज महानगरपालिका-२४ बहुअरी निवासी ५० वर्षीय रूप राउत रहेको वडा प्रहरी कार्यालय, श्रीपुरले जनाएको छ। ना.३ ख ६०७५ नम्बरको ट्रकको ठक्करबाट वृद्धको मृत्यु भएको र ट्रकचालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

घटनास्थलमा पीडितका परिवारजनले बाटो अवरुद्ध गरेपछि सहमतिमा बाटो सुचारू गरिएको प्रहरीले जनाएको छ।




### गाउँघरमा ...

अरिङ्गालका गोला घर पोल्ने रातो माटोजस्तै चहकिलो राता हुन्छन्। अरिङ्गालले आफ्नो गोला बनाउन लालीगुराँस र अयाँरको नरम बोक्रा प्रयोग गर्दछन् र सावधानी नअपनाउँदा हरेक वर्ष अरिङ्गालको टोकाइबाट मृत्युका समाचार आइरहन्छन्।

**अरिङ्गालको प्रयोग**

विषालु अरिङ्गाल, बढ्यौं, बारुलोको मह त हुँदैन तर लार्भाको परिकार बनाएर खाने प्रचलन गाउँघरमा लोकप्रिय छ। पछिल्लो समयमा अरिङ्गालका लार्भाको व्यापार पनि गर्ने गरेको देखिन्छ। लार्भा र उड्न नसकेका बच्चा राम्रो मूल्यमा खरीद-बिक्रीसमेत हुँदै आएको स्थानीयहरू बताउँछन्। चाकालाई झोलामा राखेर घर ल्याएपछि पोल्ने वा उमाल्ने गरिन्छ।

चाकालाई पोल्दा वा उसिन्दा बच्चा ढाडिनाका साथै बच्चा छोप्ने ढक्कन उढेर नष्ट भई चाकाबाट बच्चा निकाल्न सजिलो हुन्छ। बच्चा निकालेर भित्रको फोहोर वस्तु फालिन्छ र तेलमा भुटेर खाने गरिन्छ। अरिङ्गाल काढेपछि छिमेकमा बाँडेर खाने चलन छ। पहिला त गाउँले मान्छेलाई मान्नेजनलाई समेत अनिवार्य भाग पुऱ्याउने रीति रहेको थियो।

अरिङ्गालको शिकार किराँत राई जातिमा निकै लोकप्रिय मानिन्छ। किराँत राई जातिमा लोकप्रिय परिकारमा पर्ने अरिङ्गाल, तरकारीको वा सितनका रूपमा खाने चलन छ। यति मात्र होइन, उनीहरूले माङ (देवता) लाई पनि चढाउने आएको फक्ताङलुङ गाउँपालिका-६ राजकुमार राईको भनाइ छ। किराँत राई जातिमा माङ भनेको आफ्ना मृतात्मा पुर्खा अर्थात पितृहरू हुन्। किराँत राई जातिमा अरिङ्गालको महत्व रहेको छ।

**अरिङ्गाल काढ्ने समय**

सामान्यतया अरिङ्गाल काढ्ने समय पनि निश्चित हुन्छ। साउन वा भदौमा नुवागी पुजेपछि मात्र अरिङ्गाल काढ्ने चलन रहिआएको छ। त्योभन्दा अगाडि अरिङ्गाल काढ्न मिल्दैन, काढेमा पितृहरू रिसाई सुब्बेफाब्बे हुँदैन भन्ने विश्वास रहेको छ।

अरूको बारी वा खेतको अरिङ्गाल विनाअनुमति काढ्न मिल्दैन। सामान्यतया साउन अन्तिमदेखि शुरू गरेर भदौ, असोजदेखि कात्तिक र मङ्सिर महीनासम्म अरिङ्गाल काढ्ने चलन छ। यसमा पनि असोज महीनाको पूर्णिमा तिथि पारेर काढ्न सकेमा बढी बच्चा हुन्छ भन्ने विश्वास रहेको मेरिङदेन गाउँपालिका-३ का शेखर लिम्बूले बताए।

लिम्बूका अनुसार कहिले काढ्ने भन्ने कुरा निजी बारी, खेत वा सार्वजनिक जङ्गल के हो त्यसमा भर पर्दछ।

**यसरी लोप हुँदैछ अरिङ्गाल**

परम्परागत प्रविधिबाट अरिङ्गाल पोल्दा गोलाको बाहिरी कुट जलेर नष्ट भएपछि चाका मात्र बाँकी रहन्छ। गोलाभित्र रहेका माउहरू सबै आगोले जलाइन्छ। अरिङ्गालको गोलाको एक छेउमा एउटा दुलो राखेको हुन्छ। त्यही दुलोबाट अरिङ्गालका माउहरू आउजाउ गर्दछन्। गाउँघरमा अरिङ्गाल काढ्दा त्यही दुलोमा रागो (बाँसको मसिनो भाग) बालेर अरिङ्गालको गोलो पोल्ने प्रचलन रहिआएको छ। यसरी अरिङ्गाल पोल्दा अरिङ्गालको माउ सबै जलेर मर्ने गर्दछन्।

गाउँगाउँमा आगोले पोल्ने, अरिङ्गालको कोलोमा मट्टितेल, डिजेल तथा पेट्रोल छर्की आगो लगाएर अरिङ्गाल काढ्ने परम्पराले अरिङ्गाल मासिँदै गएको फक्ताङलुङ गाउँपालिका-६ का वसन्त लिम्बू बताउँछन्। पछिल्लो समयमा विषादिको प्रयोग र वायु प्रदूषण तथा वनजङ्गल डढेलोजस्ता कारणले अरिङ्गाल सङ्कटमा पर्दै गएको जैविक विविधता क्षेत्रमा लामो समयदेखि काम गर्दै आएका हिमाली संरक्षण मञ्चका कार्यक्रम संयोजक रमेश राईको भनाइ छ।

# एक हजार दरका ४३ करोड थान नोट छाप्न भारतीय कम्पनीलाई ठेक्का

काठमाडौं, १४ मङ्सिर/रासस

नेपाल राष्ट्र बैंकले एक हजार दरका ४३ करोड थान बैंक नोट छाप्ने जिम्मा भारतीय सरकारी कम्पनीलाई दिएको छ।

भारत सरकारको स्वामित्व रहेको भारत प्रतिभूति मुद्रण तथा मुद्रा निर्माण निगम लिमिटेड (सेक्युरिटी प्रिन्टिङ एन्ड मिन्टिङ कर्पोरेशन अफ इन्डिया लिमिटेड)लाई नोट छपाइका लागि ठेक्का दिन लागिएको हो। राष्ट्र बैंकले बुधवार उक्त ठेक्का सम्झौता गर्नेसम्बन्धी आशयपत्र जारी गरेको छ।

एक हजार दरका ४३ करोड थान नोटको डिजाइन, छपाइ र ढुवानीको काम भारतीय कम्पनीले नै गर्नेछ। यसका लागि उसले एक करोड ११ लाख ३४ हजार ५०६ अमेरिकी डलर (बुधवारको विदेशी विनिमय दर अनुसार रु एक अर्ब ४५ करोड ८६ लाख २० हजार)




बराबर कबोलेको थियो।

नेपाल राष्ट्र बैंकको मुद्रा व्यवस्थापन विभागले गत सेप्टेम्बरमा अन्तर्राष्ट्रिय बोलकबोल प्रतिस्पर्धाबाट कम्पनी छनोटका लागि ठेक्का प्रस्ताव आह्वान गरेको थियो। त्यसमा ब्रजील, चीन र फ्रान्सका कम्पनीले पनि प्रस्ताव हालेका थिए तर आर्थिक र प्राविधिकरूपमा उपयुक्त रहेको भन्दै भारतीय कम्पनी छनोटमा परेको हो।

## ट्रक नियन्त्रण

प्रस, वीरगंज, १४ मङ्सिर/

जिल्ला प्रहरी कार्यालय, पर्साले बिलभन्दा बढी औषधि तथा खुद्रा सामग्री लोड गरेको एउटा ट्रकलाई नियन्त्रणमा लिएको छ। वीरगंजबाट रौतहटको गौरतर्फ गइरहेको ना.७ख ६८७५ नम्बरको मालवाहक ट्रकलाई गएराति घण्टाघरमा चेकजाँच गर्ने क्रममा बिलबीजकभन्दा बढी सामान तथा औषधि भेटिएपछि नियन्त्रणमा लिइएको जिप्रका, पर्साले जनाएको छ।

पशुपति रोड कैरियर ट्रासपोर्टबाट पठाइएको उक्त ट्रकलाई सामानसहित कारबाईको लागि राजस्व अनुसन्धान कार्यालय, पथलैयामा बुझाइएको जिप्रका, पर्साले जनाएको छ।

## महानगरले निर्णय....

आज भएको निर्णय महानगरपालिकाले मङ्सिर १५ गते प्रदेश सरकारलाई बुझाउने र प्रदेश सरकारले मङ्सिर २३ गतेभित्र सङ्घ सरकारलाई पठाउने र त्यसपछि सङ्घ सरकारले यस विषयमा निर्णय लिनेछ। त्यसपछि जेठ २७ गतेदेखि बन्द कित्ताकाट खुल्नेछ।

अहिले छ महीनादेखि कित्ताकाट बन्द हुँदा मालपोत कार्यालय, पर्साको राजस्व प्रभावित भएको छ भने महानगरलाई पनि सोबाट आउने करोडौं रुपियाँको राजस्व नोक्सानी भएको छ। वार्षिक ९० करोड मालपोत कार्यालय, पर्सालाई रजिस्ट्रेसनबाट प्राप्त हुन्थ्यो र महानगरलाई ४० करोड जान्थ्यो।

यसपटक छ महीनामा सवा तीन करोड रुपैयाँ मात्र महानगरलाई गएको छ। कित्ताकाट नहुँदा महानगरलाई १७ करोड घाटा भएको छ।

**लैङ्गिक हिंसा र दुर्व्यवहार: छैन हामीलाई स्वीकार**

आउनुहोस्, हामी सबै महिलामाथि हुने हिंसाविरुद्धको अभियानमा सहभागी बनौं।
घरघरबाट शुरू गरौं, महिला हिंसा अन्त्य गरौं।

२०७९ मङ्सिर ९ देखि मङ्सिर २४ गतेसम्म हुने लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड




## महिला हिंसाविरुद्ध....

बताइन्। राज्यले न्यायमा पनि सबैको पहुँच बराबरी गर्न जरुरी रहेको उनको भनाइ थियो।

आशिष सामाजिक सेवा नेपालका रोशन सुनारले महिलाहरूले पनि सहेर बस्दा थप हिंसा भोग्नुपरेको बताए। उनले महिलामाथि पुरुषले मात्र नभई महिलामाथि महिलाले पनि हिंसा गरिहेकाले यस्तो बदलाव आफूबाटै गर्नुपर्नेमा जोड दिए।

कार्यक्रमको सहजीकरण आसमान नेपाल, ठोरी गापाका संयोजक धर्मेन्द्रप्रसाद चौरसियाले गरेका थिए। अन्तर्क्रियापछि वडा नं ३ को महिला विकास भवनबाट विभिन्न नारा लेखिएका प्लेकार्डसहित निकालिएको र्‍याली गाउँपरिक्रमा गरी वडा कार्यालयमा पुगेर समापन भएको थियो।

*प्रस, वीरगंज/*

महिला हिंसाविरुद्धको १६ दिने अभियान अन्तर्गत बुधवार वीरगंजमा ग्रीनसिटी सामुदायिक सेवा केन्द्रले पम्पलेट वितरण गरेको छ।

सभ्य समाजको पहिचान, लैङ्गिक हिंसाविरुद्ध अभियान नाराका साथ शुरू भएको यस वर्षको महिला हिंसाविरुद्धको १६ दिने अभियान अन्तर्गत आज ग्रीन सिटीले वीरगंज-१० आदर्शनगरमा सचेतनामूलक पम्पलेट वितरण गरेको ग्रीन सिटीका अध्यक्ष प्रकाश खेतानले बताए। सडकपेटीमा बटुवाहरूलाई सचेतनामूलक पम्पलेट वितरण गरिएको उनले बताए।

कार्यक्रममा प्रहरी चौकी आदर्शनगरका प्रहरी नायब निरीक्षक अशोक महतो, प्रहरी हवलदार प्रेम राम, प्रहरी जवान प्रमेन्द्रप्रसाद साह, नगरप्रहरी विष्णुबहादुर तिमल्सिनालगायतले सहयोग गरेका थिए।

*प्रस, सिम्रौनगढ/*

सिम्रौनगढमा पनि महिला हिंसाविरुद्ध १६ दिने अभियान अन्तर्गत सचेतनामूलक र्‍याली र अन्तर्क्रिया गरिएको छ। सभ्य समाजको पहिचान, लैङ्गिक हिंसाविरुद्धको अभियान नाराका साथ सिम्रौनगढमा रहेका पाँचवटा विद्यालयका छात्रछात्रा, शिक्षक सहभागी र्‍याली निकालिएको थियो।

उपप्रमुख नजमु शेहरको अध्यक्षतामा निकालिएको र्‍यालीपछि आयोजित कार्यक्रममा सहभागीहरूले महिला हिंसाका कारणहरू, महिला हिंसाका प्रकार, असर तथा प्रभाव, हिंसाका तह र रिपोर्ट गरिएका लैङ्गिक हिंसाको तथ्याङ्कपत्रको बारेमा छलफल गरेका थिए।

कार्यक्रमको सहजीकरण आसमान नेपालका सामुदायिक संलग्नता अधिकृत रचना नेपालले गरेकी थिइन्। कार्यक्रममा सिम्रौनगढ नगरपालिकाका शिक्षा संयोजक कमलेश अग्रहरि, बिन्दु गुरुङलगायतले मन्तव्य व्यक्त गरेका थिए।

पिन नेपाल, एसओडिसिसी नेपाल र आसमान नेपालको संयुक्त सहकार्यमा कार्यक्रम भएको हो।


# खेलकूदको संसार

## विश्वकप फूटबल प्रतियोगिता : नेदरल्यान्ड्स र सेनेगल अन्तिम १६ मा

काठमाडौं, १४ मङ्सिर/रासस

कतारमा जारी फिफा विश्वकप फूटबल २०२२ अन्तर्गत समूह 'ए' बाट नेदरल्यान्ड्स र सेनेगल अन्तिम १६ मा प्रवेश गरेका छन्।

गए राति भएको समूहको तेस्रो तथा अन्तिम निर्णायक खेलमा नेदरल्यान्ड्सले आयोजक कतार तथा सेनेगलले इक्वेडरलाई पराजित गर्दै अन्तिम १६ मा स्थान बनाएका हुन्। नेदरल्यान्ड्स समूह 'ए' को विजेता र सेनेगल उपविजेताका रूपमा अन्तिम १६ मा प्रवेश गरे। आयोजक कतार र इक्वेडर प्रतियोगिताबाट बाहिरिएका छन्।



कतारको अलबायत रङ्गशालामा घरेलु टोली कतारलाई २-० गोलअन्तरले पराजित गर्दै नेदरल्यान्ड्स विजयी बन्यो। खेलको २६औं मिनेटमा नेदरल्यान्ड्सका कोडी गाप्कोले गोल गर्दै शुरूआती अग्रता लिए। खेलको पहिलो हाफसम्म एक शून्य गोलले अग्रता लिएको नेदरल्यान्ड्सले दोस्रो हाफमा थप एक गोल गर्‍यो। खेलको ४८ औं मिनेटमा नेदरल्यान्ड्सका फ्रेन्की डे जोङले गोल गर्दै आफ्नो टोलीको जीत सुनिश्चित गरे। यससँगै नेदरल्यान्ड्सले तीन खेलमा सात अङ्क जोड्यो।


यसैगरी कतारको खलिफा रङ्शालामा गए राति भएको अर्को खेलमा सेनेगलले इक्वेडरलाई २-१ गोल अन्तरले पराजित गर्‍यो। सेनेगल जारी विश्वकपमा नकआउट चरण पुग्ने पहिलो अफ्रिकी टोली बनेको छ। खेलको पहिलो हाफको अन्त्यतिर सेनेगलले पेनाल्टीमार्फत अग्रता लियो। इस्माएला सारले खेलको ४४औं मिनेटमा पेनाल्टी गोल गर्दै सेनेगललाई १-० को अवस्थामा पुर्‍याए। पिएरो हिन्कापीले पेनाल्टी क्षेत्रभित्र फल गरेपछि रेफ्रीले सेनेगललाई पेनाल्टी दिएको थियो।

त्यस्तै खेलको दोस्रो हाफको ६८ औं मिनेटमा इक्वेडरका मोइसेस काइसेडोले गोल फर्काउँदै खेललाई एक-एक गोलको बराबरीमा पुर्‍याए। तर खेलको ७० औं मिनेटमा सेनेगलका कालिडु कौलीबालीले गोल थप्दै आफ्नो टोलीको जीत सुनिश्चित गरे। सेनेगलले तीन खेलमा दुई जीतसहित छ अङ्क जोड्यो। यता इक्वेडर चार अङ्कसहित तेस्रो तथा कतार अङ्कविहीन बन्दै चौथो स्थानमा रह्यो।

## इङ्गल्यान्ड र अमेरिका नकआउट चरणमा

काठमाडौं, १४ मङ्सिर/रासस

कतारमा जारी फिफा विश्वकप फूटबल, २०२२ अन्तर्गत समूह 'बी' बाट इङ्गल्यान्ड र अमेरिका नकआउट चरणमा प्रवेश गरेका छन्।



समूह 'बी' को तेस्रो तथा अन्तिम निर्णायक खेलमा गए राति इङ्गल्यान्डले वेल्सलाई र अमेरिकाले इरानलाई पराजित गर्दै नकआउट चरणमा प्रवेश गरेका हुन्। इङ्गल्यान्डले वेल्सलाई ३-० गोल अन्तरले हरायो। इङ्गल्यान्डका लागि मार्कुस राशफोर्डले दुई गोल गरे भने फिल फोडेनले एक गोल गरे। खेलको ५०औं मिनेटमा राशफोर्डले गोल गर्दै इङ्गल्यान्डलाई शुरूआती अग्रता दिलाएका थिए।

त्यसपछि खेलको ५२औं मिनेटमा फोडेनले गोल गर्दै इङ्गल्यान्डलाई २-० को अवस्थामा पुर्‍याए। खेलको ६८ औं मिनेटमा राशफोर्डले व्यक्तिगत दोस्रो गोल गर्दै इङ्गल्यान्डलाई ३-० को सहज जीत दिलाए। जीतसँगै इङ्गल्यान्ड समूह 'बी' को विजेता बन्दै नकआउट चरणमा प्रवेश गरेको हो। इङ्गल्यान्ड तीन खेलमा सात अङ्क जोड्दै शीर्षस्थानमा छ। वेल्स भने एक अङ्क जोडेर पुछारमा रहँदै प्रतियोगिताबाट बाहिरिएको छ।

त्यसैगरी कतारको अलथुमामा रङ्गशालामा सम्पन्न अर्को खेलमा इरानलाई १-० गोलअन्तरले हराउँदै अमेरिका अन्तिम १६ मा प्रवेश गरेको छ। अमेरिकाको जीतमा क्रिस्टियन पुलिसिचले निर्णायक गोल गरे। उनले खेलको ३८औं मिनेटमा गोल गरेका थिए। जितसँगै अमेरिका समूह 'बी' को उपविजेता बन्दै नकआउट चरणमा पुगेको हो। अमेरिकाले तीन खेलबाट पाँच अङ्क जोडेको छ। इरान तीन अङ्क जोडेर तेस्रो स्थानमा रहँदै प्रतियोगिताबाट बाहिरिएको छ।

## यु १९ राष्ट्रिय क्रिकेट : सुदूरपश्चिम प्रदेश विजयी

काठमाडौं, १४ मङ्सिर/रासस

यू-१९ राष्ट्रिय क्रिकेट प्रतियोगितामा सुदूरपश्चिम प्रदेशले मधेस प्रदेशलाई पराजित गर्दै विजयी भएको छ।



कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको खेलमा सुदूरपश्चिम प्रदेशले मधेस प्रदेशलाई सात विकेटले पराजित गर्दै विजयी भएको हो।

मधेस प्रदेशले सुदूरपश्चिमलाई जितका लागि १२३ रनको लक्ष्य दिएको थियो। त्यसमा सुदूरपश्चिमले १८ दशमलव पाँच ओभरमा तीन विकेट गुमाएर लक्ष्य पूरा गर्‍यो।

सुदूरपश्चिमको जितमा दीपक बोहोराले सर्वाधिक ५३ रनको अर्धशतकीय पारी खेले।

त्यस्तै, अर्का खेलाडी दीपक बोहोराले २४ रन जोड्दा गजेन्द्र बोहोराले २३ रन जोडे। मधेसका लागि अभिषेक तिवारीले दुई विकेट लिए भने साइमन रोयले एक विकेट लिए।

त्यसअघि टस जितेर पहिला ब्याटिङको निम्तो पाएको मधेस प्रदेशले ३८ दशमलव एक ओभरमा अलआउट हुँदै १२२ रन बनाएको थियो।

मधेस प्रदेशका लागि अलि अन्सारीले ३२ रन जोडे भने इमरान शेखले २८ रन जोडे। मयन यादवले २३ तथा डब्लु मल्लिकले ११ रन बनाए।

सुदूरपश्चिमका लागि नरेन साउद एक्लैले पाँच विकेट लिए। हेमन्त धामीले तीन तथा युवराज खत्रीले दुई विकेट लिए। अपराजित सुदूरपश्चिमले पाँच खेलबाट १० अङ्क जोडेको छ। यो हारसँगै मधेस प्रदेश प्रतियोगिताबाट बाहिरिएको छ।

प्रतियोगितामा प्रदेश नं १, मधेस प्रदेश, वाग्मती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशको सहभागिता छ।